# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ७७ | काठमाडौं | बिहीबार, २५ असार २०८३ | Prabhab National Daily | Thursday, 9 July 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

## वरिष्ठहरूलाई पन्छाउँदै मुख्यसचिवमा कार्की नियुक्त

■ प्रभाव संवाददाता



- वरीयताक्रममा १८औं नम्बरमा रहेका गोविन्दबहादुर कार्की मुख्यसचिव नियुक्त
- वरिष्ठताका आधारमा प्रधानमन्त्री कार्यालयमै कार्यरत किरणराज शर्मा (पहिलो), हरिप्रसाद मैनाली, डा. गोविन्दप्रसाद शर्मा र डिल्लीराम शर्मा अगाडि
- कार्की दुई वर्षअघि २०८१ भदौ तेस्रो सातामात्र सचिवमा बढुवा भएका थिए

**काठमाडौं–** वरीयताक्रममा १८औं नम्बरमा रहेका गोविन्दबहादुर कार्की मुख्यसचिव भएका छन् । बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव कार्कीलाई मुख्यसचिव पदमा नियुक्त गर्ने निर्णय गरेको हो ।

मुख्यसचिव सुमनराज अर्याल उमेर हदका कारण भोलि (असार २६ गते) अनिवार्य अवकाशमा जाने भएसँगै सरकारले नयाँ मुख्यसचिव नियुक्त गरेको हो । १८औं वरीयतामा रहेका कार्कीलाई प्रधानमन्त्री वालेन्द्र शाहले मुख्यसचिव बनाएका हुन् । निजामती सेवाका सचिवहरूको वरीयता सूचीमा १८औं स्थानमा रहे पनि महालेखापरीक्षक, सर्वोच्च अदालत, संसद् सचिवलगायतको विशिष्ट श्रेणीका अधिकारीहरूको संयुक्त वरीयतामा कार्की ३६औं नम्बरमा पर्छन् ।

कार्की दुई वर्षअघि २०८१ भदौ तेस्रो सातामात्र सचिवमा बढुवा भएका थिए । वरिष्ठताका आधारमा प्रधानमन्त्री कार्यालयमै कार्यरत किरणराज शर्मा पहिलो नम्बरमा थिए । शर्माले सचिवको पाँच वर्षे पदावधिका कारण साउन ४ गते अवकाश पाउँदै छन् ।

किरणपछि वरिष्ठताका आधारमा प्रधानमन्त्री कार्यालयमै एक महिनादेखि अतिरिक्त समूहमा राखिएका हरिप्रसाद मैनाली, डा. गोविन्दप्रसाद शर्मा र डिल्लीराम शर्मा अगाडि थिए । पाँच वर्षे पदावधिका कारण मैनालीले साउन १९, गोविन्दप्रसादले साउन २४ र डिल्लीरामले भदौ ३ गते अवकाश पाउने छन् ।

गृहसचिव राजकुमार श्रेष्ठ, पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देल, उद्योग सचिव कृष्णबहादुर राउत, योजना आयोगमा कार्यरत सचिव रविलाल पन्थ, लोकसेवा आयोगमा कार्यरत रामेश्वर दंगाल पनि कार्कीभन्दा वरिष्ठ हुन् । तर उनीहरू सबैलाई छोडेर प्रधानमन्त्री शाहले कार्कीलाई रोजेका हुन् ।

उनले अहिलेको कानुनी व्यवस्थाअनुसार मुख्यसचिवको रूपमा पूरा कार्यकाल काम गर्न पाउने छैनन् । मुख्यसचिवको कार्यकाल तीन वर्षको रहेकामा कार्कीले ५८ वर्षको उमेर हदका कारण त्यस अगाडि नै अर्थात् २०८५ पुस अन्तिम साता अवकाश पाउने छन् ।

२०२७ पुस २५ गते भोजपुरमा जन्मिएका कार्की निजामती सेवामा प्रवेश गरेको ३७ वर्षमा मुख्यसचिव बनेका हुन् । उनी २०४६ सालमा खरिदारका रूपमा निजामती सेवामा प्रवेश गरेका थिए । २०५३ पुसमा शाखा अधिकृत बनेका उनी करिब नौ वर्षपछि २०६२ मंसिर १५ गते उपसचिवमा बढुवा भएका थिए । उपसचिवका रूपमा कार्की लमजुङ, भोजपुर, काभ्रेमा स्थानीय विकास अधिकारीका रूपमा खटिएका थिए । २०७० चैत २१ गते सहसचिवमा बढुवा भएर १० वर्ष उनले गृह प्रशासन, अध्यागमनमा अनुभव बटुले ।

डोटी र कञ्चनपुरको प्रमुख जिल्ला अधिकारीसमेत बनेका उनले चीनको तिब्बतस्थित ल्हासामा रहेको नेपाली महावाणिज्य दूतावासमा महावाणिज्यदूतका रूपमा पनि काम गरे । सचिव बनेलगत्तै बागमती प्रदेशको प्रमुख सचिव बनेका कार्की उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिव हुँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेका थिए ।

क्रमशः पृष्ठ २ मा

## सर्वपक्षीय सहमतिविनै तयार हुँदै संविधान संशोधन बहसपत्र



यो सरकारलाई संविधान संशोधनको जनादेश जनताले दिएका होइनन् । तर संशोधन गर्नुपर्ने छ । संविधानको मूलभूत उपलब्धि नचलाउनेबारे प्रतिबद्धता माग्दा त्यो पनि दिइएन, विभिन्न धारा र दफा चलाउन खोजेको पायौं, हामी कार्यदलबाट बाहिरियौं ।

■ **देव गुरुङ**
महासचिव, नेकपा



कार्यदल १२४ वटा विषयमा छलफलको अन्तिम चरणमा पुगेको छ । सहमति भएका विषयलाई छुट्टै राख्ने र असहमतिका विषयलाई बहसका रूपमा प्रस्तुत गर्ने तयारी छ ।

■ **मोहनलाल आचार्य**
रास्वपा सांसद तथा कार्यदल सदस्य



संविधान संशोधनजस्तो विषय हचुवा तालमा हुँदैन । राष्ट्रिय सहमतिविना गरिने संशोधनले द्वन्द्व सिर्जना गर्न सक्छ ।

■ **डा. भिमार्जुन आचार्य**
संविधानविद्




**असीम शाह**
संयोजक, संविधान संशोधन कार्यदल

■ जेबी योञ्जन

- कार्यदलबाट एमालेपछि नेकपा, जसपा, लोसपा र जनमोर्चा बाहिरिए
- कांग्रेस सुरुदेखि नै कार्यदलमा सहभागी थिएन
- श्रम संस्कृति पार्टी पनि नजाने
- रास्वपा र राप्रपामात्रै कार्यदलमा
- संविधान संशोधन बहसपत्र राष्ट्रिय सहमतिको दस्तावेज नबन्ने

**काठमाडौं–** वालेन्द्र सरकारको संविधान संशोधन बहसपत्र सर्वपक्षीय सहमतिको दस्तावेज नबन्ने निश्चित भएको छ । कार्यदलबाट एकपछि अर्को गर्दै विपक्षी दल बाहिरिएपछि बहसपत्रको राजनीतिक हैसियत कमजोर बनेको हो ।

सरकारले संविधान संशोधनबारे राष्ट्रिय बहस चलाउने उद्देश्यसहित प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असीम शाहको नेतृत्वमा कार्यदल गठन गरेको थियो । विभिन्न दलका प्रतिनिधिलाई त्यसमा सहभागी गराइएको थियो । उद्देश्य संविधान संशोधन के-के मा गर्ने भन्नेबारे साझा धारणा बनाउने थियो । तर, अन्तिम चरणमै सहमतिको प्रयास भंग भएको छ ।

सुरूमै नेपाली कांग्रेस कार्यदलमा सहभागी भएन । त्यसपछि नेकपा एमालेले पनि दूरी बनायो । अहिले नेपाली कम्युनिस्ट पार्टी (नेकपा), जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय जनमोर्चा र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का प्रतिनिधिले पनि कार्यदल छाडेका छन् । श्रम संस्कृति पार्टीलेसमेत अब बैठकमा नबोलाउन आग्रह गरेको छ ।

नेकपाका महासचिव देव गुरुङले संसद्लाई संविधान पुनर्लेखनको जनादेश नभएको बताएका छन् । संविधानका सबै धारालाई चलाउने प्रयास स्वीकार्य नहुने उनको तर्क छ । संविधानको आधारभूत मूल्य र मान्यतालाई नछुने लिखित प्रतिबद्धता सरकारले दिन नसकेको पनि उनको आरोप छ ।

'यो सरकारलाई संविधान संशोधनको जनादेश जनताले दिएका होइनन् तर संशोधन गर्नुपर्ने छ र हामी संशोधन के-के मा गर्ने ? त्यसबारे सरकारसँग हामीले जवाफ माग्यौं, पाएनौं,' उनले प्रभावसँग भने, 'संविधानको मूलभूत उपलब्धि नचलाउनेबारे प्रतिबद्धता माग्दा त्यो पनि दिइएन र विभिन्न धारा र दफा चलाउन खोजेको पायौं र कार्यदलबाट बाहिरियौं ।'

लोसपाका नेता लक्ष्मणलाल कर्णले पनि सरकारको मनसायप्रति विश्वास गर्न नसकिएको बताएका छन् । संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशिताजस्ता विषयलाई बहसको सूचीमा राखिएको भन्दै उनले आपत्ति जनाएका छन् ।


क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## जिल्ला प्रशासनको निर्देशनले लोकतान्त्रिक एसोसिएसनमा लफडा

### प्रथम उपाध्यक्ष लामाले सम्हाले कावा अध्यक्षको जिम्मेवारी, केसीलाई अध्यक्ष स्वीकार नगर्ने निर्णय

■ प्रभाव संवाददाता






**काठमाडौं–** नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन आन्तरिक विवादमा फसेको छ । १३औं साधारणसभा निर्वाचित अध्यक्ष रामप्रसाद गैरे निलम्बनमा परेपछि नेतृत्व विवाद चुलिएको हो ।

असार ५ गते सम्पन्न साधारणसभाबाट निर्वाचित गैरे उनको म्यानपावरसँग सम्बन्धित पुरानो मुद्दाका कारण निलम्बनमा परेका थिए । त्यसपछि चुनावमा अध्यक्षका प्रत्यासी रहेका किशोरकुमार केसी आफूलाई अध्यक्षको जिम्मेवारी दिन माग गर्दै जिल्ला प्रशासन कार्यालय काठमाडौं पुगे । प्रशासनले उनको मागबमोजिम अध्यक्षको जिम्मेवारी तोक्ने निर्णयसहितको पत्र असार २२ गते एसोसिएसनलाई पठायो ।

उक्त पत्रमा १३औं साधारणसभाबाट अध्यक्ष पदमा निर्वाचित गैरेको योग्यता संस्थाको विधानको दफा ७ र ८ बमोजिम नपुगेको देखिएको उल्लेख छ । प्रशासनको २२ असारको निर्णयअनुसार गैरेलाई अध्यक्ष पदबाट हटाएर निर्वाचनमा सो पदका निकटतम् रहेका केसीलाई अध्यक्षको जिम्मेवारीमा काम गर्न दिन एसोसिएसनलाई निर्देश गरिएको छ ।

तर, सोही साधारणसभाबाट निर्वाचित कार्यसमितिका बाँकी पदाधिकारी तथा सदस्यहरू प्रशासनको निर्णय स्वीकार गर्न तयार भएनन् । विधानविपरीत प्रशासनले निर्वाचनमा पराजित व्यक्तिलाई अध्यक्षको जिम्मेवारी तोकेको भन्दै उक्त निर्णय नमान्ने अडान उनीहरूले लिए । प्रथम उपाध्यक्ष सुवर्ण लामालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिने निर्णय गरेर अगाडि बढे ।

यता केसी प्रशासनको निर्णयअनुसार आफू नै आधिकारिक अध्यक्ष भएको दाबी गर्दै बुधबार एसोसिएसनको कार्यालय पुगे । पदभार ग्रहण गर्न केसी पुगेपछि दुईपक्षबीच कार्यालयमै लफडा भएको थियो ।

क्रमशः पृष्ठ २ मा



निर्वाचनमा हारेको व्यक्तिलाई जिल्ला प्रशासनले कुन आधारमा अध्यक्षको जिम्मेवारी तोक्यो ? कानुन र संस्थाको विधानबमोजिम जाने हो भने कि त उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष दिनुपर्‍यो, कि त अध्यक्षको मात्रै निर्वाचन गर्नुपर्‍यो ।

■ **सुवर्ण लामा**
कार्यसमितिले तोकेको कावा अध्यक्ष



नेपाल सरकारको आधिकारिक निकाय जिल्ला प्रशासन कार्यालयको निर्णय नमान्ने भन्ने हुन्छ ? आधिकारिक अध्यक्ष म नै हुँ, मैले कार्यालयमा गएर पदभार ग्रहण गरिसकेँ ।

■ **किशोरकुमार केसी**
जिप्रकाले तोकेको अध्यक्ष

## विदेशी सम्बन्धनप्राप्त कलेज र कन्सल्टेन्सीलाई कडा मापदण्ड

■ प्रभाव संवाददाता

- विदेशी कलेज सञ्चालन गर्न विश्व वरीयताको शीर्ष हजारभित्र हुनैपर्ने, काठमाडौंमा ३ रोपनी जग्गा अनिवार्य
- कन्सल्टेन्सीलाई २५ लाख धरौटी र डिजिटल कारोबार अनिवार्य, विदेशी लगानीमा रोक
- विद्यार्थीसँग हुने सम्पूर्ण आर्थिक कारोबार पूर्णरूपमा डिजिटल माध्यम (बैंक वा अनलाइन) बाट मात्र गर्नुपर्ने

**काठमाडौं–** सरकारले विदेशी सम्बन्धन प्राप्त कलेज र कन्सल्टेन्सी सञ्चालनका लागि कडा मापदण्ड ल्याएको छ । बुधबार बसेको मन्त्रिपरिषद्बाट यस्ता कडा मापदण्ड भएका दुई नियमावली स्वीकृत गरेको हो ।

विदेशी सम्बन्धन लिएर कलेज सञ्चालन गर्ने शैक्षिक संस्थाका लागि सरकारले 'विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३' स्वीकृत गरेको छ । यसैगरी शैक्षिक परामर्श संस्था, भाषा शिक्षण केन्द्र तथा तयारी कक्षाको सञ्चालनलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ स्वीकृत' गरेको शिक्षामन्त्री सस्मित पोखरेलले बताए ।

### विदेशी सम्बन्धनप्राप्त कलेज वरीयतामा हजारभित्र हुनैपर्ने

नेपालमा सञ्चालनमा आउने विदेशी सम्बन्धनप्राप्त कलेज टाइम्स हायर इजुकेसन वर्ल्ड युनिभर्सिटी र्‍याङ्किङ (द उर) को १००० भित्र हुनैपर्ने व्यवस्था यो नियमावलीमा रहेको छ । काठमाडौंका इन्टरनेसनल स्कुल अफ मेनेजमेन्ट एण्ड टेक्नोलोजी (आइएसएमटी)देखि इस्लिङ्टन कलेज सम्बन्धन दिने विश्वविद्यालय द उरको हजार सूचीभित्र परेका छैनन् ।

इसलिङ्टनले लण्डन मेट्रोपोलिटन युनिभर्सिटी र क्याम्ब्रिज युनिभर्सिटीबाट सम्बन्धन लिएको शिक्षा मन्त्रालयले जारी गरेको सूचीमा उल्लेख छ । लण्डन मेट्रोपोलिटन द उर सूचीमा हजारभित्र छैन भने क्याम्ब्रिज पाँचौं नम्बरमा छ । जबकि इस्लिङ्टनले आफ्नो वेबसाइटमा भने लण्डन मेट्रोपोलिटनसँगमात्र सहकार्य गरेको उल्लेख गरेको छ । इस्लिङ्टनले कम्प्युटर नेटवर्किङ र आइटीमा स्नातकदेखि स्नातकोत्तरसम्मको कक्षाहरू सञ्चालन गरिरहेको छ ।

यता व्यवस्थापन संकायमा कक्षाहरू सञ्चालन गरिरहेको इन्टरनेसनल स्कुल अफ मेनेजमेन्ट एण्ड टेक्नोलोजी (आएसएमटी) लाई सम्बन्धन दिएको युनिभर्सिटी अफ सण्डरल्याण्ड पनि द उरको हजार सूची बाहिर छ । द उरको सूचीमा यो १५ सयभन्दा माथि छ । आइएसएमटी काठमाडौं हुँदै पोखरा, बुटवलसम्मै फैलिएको छ ।

यस्ता कलेजको बिगबिगी बढेपछि २०८१ मै सरकारले त्रिभुवन विश्वविद्यालयका पूर्वडीन प्राडा विनिल अर्यालको संयोजकत्वमा विज्ञ उपसमिति गठन गरेको थियो । उक्त विज्ञ उपसमितिले २०८१ कात्तिक २१ गते विदेशी डिग्री बेच्दै आएका कलेजको बदमासी रोक्न विश्व वरीयता र गुणस्तर प्रत्यायनसम्बन्धी पाँचबुँदे सुझाव सिफारिस गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## सर्वपक्षीय सहमतिविनै...

विपक्षी दलहरूका अनुसार संविधानका आधारभूत संरचनामाथि प्रश्न उठाउने प्रक्रिया नै गलत हो । त्यस्ता विषयमा राजनीतिक सहमतिविना बहस अघि बढाउन नहुने उनीहरूको अडान छ । यससँगै कार्यदलमा सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का प्रतिनिधिमात्र भएका छन् । संविधान संशोधनजस्तो राष्ट्रिय विषयमा यस्तो सीमित सहभागिताले बहसपत्रलाई सर्वस्वीकार्य बनाउन नसक्ने विश्लेषण हुन थालेको छ । कार्यदलको म्याद असार मसान्तमा सकिँदै छ । प्रतिवेदन भने समयमै बुझाइने तयारी भइरहेको छ । रास्वपाका सांसद तथा कार्यदल सदस्य मोहनलाल आचार्यले उपलब्ध सामग्रीका आधारमा प्रतिवेदन तयार हुने बताएका छन् । उनका अनुसार कार्यदल १२४ वटा विषयमा छलफलको अन्तिम चरणमा पुगेको थियो । सहमति भएका विषयलाई छुट्टै राख्ने र असहमतिका विषयलाई बहसका रूपमा प्रस्तुत गर्ने तयारी थियो । तर, विपक्षी दल बाहिरिएपछि त्यो योजना प्रभावित भएको छ ।

अब तयार हुने प्रतिवेदनमा रास्वपाको धारणा बढी समावेश हुने भएको छ । विपक्षी दलका फरक मत समेटिने भनिए पनि त्यसमा उनीहरूको स्वामित्व रहने छैन । त्यसैले प्रतिवेदन साझा दस्तावेजभन्दा सरकारको अवधारणा झल्काउने दस्तावेज बन्ने सम्भावना बढेको छ ।

संविधानविद् डा. भिमार्जुन आचार्यले संविधान संशोधनजस्तो विषय हचुवा तालमा नहुने बताए । उनले संवैधानिक कानुनका जानकारसमेत नरहेका व्यक्तिको नेतृत्वमा संविधान संशोधन बहसपत्र बनाउनु नै हाँसउठ्दो भन्दै भने, 'राष्ट्रिय सहमतिविना गरिने संशोधनले द्वन्द्व सिर्जना गर्न सक्छ ।'

विपक्षी दलहरूले सरकारको नियतमाथि नै प्रश्न उठाएका छन् । उनीहरूका अनुसार कार्यदलले संविधानका आधारभूत विषयसमेत बहसमा ल्याउन खोजेको छ । त्यसप्रति स्पष्ट प्रतिबद्धता नआएपछि कार्यदलमा बसिरहन नसकिएको उनीहरूको भनाइ छ ।

रास्वपाले भने आरोप अस्वीकार गरेको छ । संविधानका आधारभूत मूल्य परिवर्तन गर्ने कुनै उद्देश्य नरहेको उसको दाबी छ । बहस गर्न नपाइने विषय बनाउनु झन् जोखिमपूर्ण हुने रास्वपाको तर्क छ । कार्यदलले देशभरबाट करिब ४४ हजार ६०० सुझाव संकलन गरेको जनाएको छ । पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश, पूर्वराष्ट्रपति, निजी क्षेत्र र विभिन्न क्षेत्रका व्यक्तिसँग पनि छलफल गरिएको बताइएको छ ।

तर, सुझाव धेरै संकलन हुँदैमा प्रतिवेदन सर्वपक्षीय बन्ने अवस्था छैन । संविधान संशोधनको राजनीतिक स्वामित्व राजनीतिक दलहरूले नै लिने विषय हो । प्रमुख दल नै बाहिरिएपछि बहसपत्रको स्वीकार्यता स्वतः कमजोर हुने देखिएको छ ।

यसअघि ३ असोज २०७२ मा संविधानसभाका मुख्य दलहरूबीच सहमतिकै आधारमा संविधान जारी भएको थियो । त्यसपछि नेपालको राजनीतिक नक्सा जारी गर्दा पनि राष्ट्रिय सहमतिकै आधारमा संशोधन गरिएको थियो । तर, यसपटक भने सरकारले संशोधनका लागि भन्दै थालेको बहसको पहल प्रभावित भएको छ । यससँगै कार्यदलभित्रै सहमति कायम हुन सकेन । त्यसले प्रतिवेदनमाथि राजनीतिक विवाद थप्ने संकेत देखिएको छ ।

रास्वपाको चुनावी घोषणापत्रमा प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक संरचनाजस्ता विषय समेटिएका छन् । विपक्षी दलहरू यिनै विषयलाई लिएर बढी सशंकित बनेका छन् ।

विशेषगरी प्रदेशसभाको संरचनाबारे रास्वपाभित्र भइरहेको बहसले विपक्षी दलको आशंका बढाएको छ । हालै सम्पन्न रास्वपाको महाधिवेशनबाट प्रदेश सभा खारेज गर्ने प्रस्ताव पारित भएपछि गणतन्त्र र संघीयता पक्षधर दलहरूले रास्वपाको संविधान संशोधनको नियतमै प्रश्न उठाइरहेका छन् । ती दलहरूको विचारमा रास्वपाले संघीय व्यवस्थालाई नै कमजोर बनाउने प्रयास गरिरहेको छ ।

यही कारण अन्तिम समयमा विपक्षी दलहरू कार्यदलबाट अलग्गिएका हुन् । उनीहरूका अनुसार पछि तयार हुने प्रतिवेदनलाई आफ्नो समर्थन रहेको अर्थ नलागोस् भन्ने उद्देश्यले पनि अलग्गिनु आवश्यक थियो । अब कार्यदलले सरकारलाई असार मसान्तभित्र बहसपत्र बुझाउने तयारी गरिरहेको छ । तर, त्यो प्रतिवेदनलाई राष्ट्रिय सहमतिको दस्तावेज भन्न कठिन हुने देखिएको छ ।

प्रमुख विपक्षी दलहरूको सहभागिता नभएको दस्तावेजलाई भविष्यमा संविधान संशोधनको आधार बनाउँदा पनि राजनीतिक विवाद कायम रहने सम्भावना बढेको छ । संसद्भित्र त्यसले सहज समर्थन पाउने अवस्था पनि नदेखिने संविधानविद् आचार्य बताउँछन् ।

■■■

## वरिष्ठहरूलाई पन्छाउँदै...

### प्रधानमन्त्री किन रोजे कार्की ?

वालेन्द्र सरकार गठनलगत्तैको मन्त्रिपरिषद्ले तयार पारेको १०० बुँदे कार्ययोजनाको 'प्रशासनिक सुधार, पुनर्संरचना र मितव्ययिता' शीर्षकमा मन्त्रालयको संख्या घटाएर १७ कायम गर्ने उल्लेख थियो । चैत २२ मा बसेको मन्त्रिपरिषद्को बैठकले नेपाल सरकारअन्तर्गतका सबै मन्त्रालय, सचिवालय, आयोग तथा मातहतका निकायहरूको संगठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने निर्णय गरेको थियो ।

उक्त निर्णय कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव कार्कीको नेतृत्वमा छ सदस्यीय पुनर्संरचना व्यवस्थापन सचिवालय बनेको थियो । प्रधानमन्त्री कार्यालयमा बसेर कार्कीले कर्मचारी प्रशासन र सुशासनका विषयमा सरकारलाई सहयोग गरेकाले उनलाई पुरस्कृत गरेको बताइएको छ । यसो त कार्कीलाई मुख्यसचिव बनाउन भन्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेकहाँ डेलिगेसन जानेको ताँतीसमेत लागेको थियो ।

०८१ भदौ २० गते सचिवमा बढुवा भएका कार्की उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिव र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव भएर काम गरेका छन् ।

■■■

## विदेशी सम्बन्धनप्राप्त...

उक्त सुझावमा देशभित्र विदेशी डिग्री पढाउने अनुमति लिन ती विश्वविद्यालय क्वालिटी एसुरेन्स एण्ड एक्रिडिटेसन (क्युएए) र टाइम्स हायर इजुकेसन वर्ल्ड युनिभर्सिटी र्‍याङ्किङ (द उर) को १००० भित्र हुनैपर्ने उल्लेख थियो ।

सरकारले बुधबार स्वीकृत गरेको नियमावलीको परिच्छेद् ४ को अनुमतिपत्रसम्बन्धी व्यवस्थामा यसबारे उल्लेख गरिएको छ । 'सम्बन्धन दिने विश्वविद्यालय टाइम्स हाइयर एजुकेसन वा क्युएस वा त्यस्तै प्रकृतिको विश्वविद्यालयको विश्ववरीयता (र्‍याङ्किङ) मा एक हजारभित्र रहेकोसम्बन्धी विवरण,' अनुमतिपत्र लिन चाहिने कागजातबारेको व्यवस्थामा भनिएको छ ।

केपी ओली नेतृत्वको तत्कालीन सरकारकी शिक्षामन्त्री विद्या भट्टराईले २०८१ साउन २४ गते त्रिभुवन विश्वविद्यालयका पूर्वडीन प्राडा अर्यालको संयोजकत्वमा विज्ञ उपसमिति गठन गरेकी थिइन् । कलेजको बदमासीमा लगाम लगाउन निवर्तमान शिक्षामन्त्री सुमना श्रेष्ठले पूर्वसचिव शंकर कोइरालाको नेतृत्वमा कार्यदल गठन गरेकी थिइन् । कार्यदलले २०८१ जेठ ३२ गते यस्ता कलेजले सरकारसँग गरेका सर्तहरू पालना नगरेको प्रतिवेदन बुझाएको थियो ।

देखावटी परीक्षा दिएर विद्यार्थी उत्तीर्ण गराएकोले कानुनी दायरामा ल्याउन कार्यदलले सुझाव दिएकामा सरकार फेरिएपछि शिक्षा मन्त्रालय सम्हालेकी भट्टराईले २०८१ साउन २४ गते त्रिभुवन विश्वविद्यालयका पूर्वडीन प्राडा अर्यालको संयोजकत्वमा विज्ञ उपसमिति गठन गरेकी थिइन् ।

### काठमाडौंमा तीन रोपनी जग्गा चाहिने

विदेशी सम्बन्धन पाएका कलेज सञ्चालनका लागि आफ्नै जग्गा चाहिने भएको छ । यसका लागि काठमाडौंमा तीन रोपनी, हिमाली तथा पहाडी जिल्लामा छ रोपनी र तराईका जिल्लामा १५ कट्ठा आफ्नै जमिन चाहिने नियमावलीमा उल्लेख छ ।

ती जग्गा कलेज सञ्चालन अनुमति लिएको पाँच वर्षभित्र आफ्नो नाममा ल्याउनुपर्ने नियमावलीमा उल्लेख छ । साथै, प्रत्येक सेक्सनमा छात्रवृत्तिसहित अधिकतम ३५ जना विद्यार्थीमात्र भर्ना गर्न पाइने गरी प्रस्ताव अघि सारिएको छ ।

त्यसैगरी एक शैक्षिक वर्षमा दुईभन्दा बढी इन्टेक सञ्चालन गर्न नपाइने भएको हो । विदेशी लगानी भएका कलेजले कूल विद्यार्थी संख्याको २० प्रतिशत तथा स्वदेशी लगानी भएका कलेजले १० प्रतिशत विद्यार्थीलाई नेपाल सरकारले तोकेको मापदण्डअनुसार पूर्ण छात्रवृत्ति उपलब्ध गराउनुपर्ने उल्लेख छ ।

स्नातकोत्तर तह सञ्चालन गर्ने कलेजमा कम्तीमा तीन जना विद्यावारिधि उपाधि प्राप्त पूर्णकालीन प्राध्यापक अनिवार्यरूपमा हुनुपर्ने भनिएको छ । कुनै पनि कलेजले आठभन्दा बढी शैक्षिक कार्यक्रम सञ्चालन गर्न वा नयाँ भर्ना लिन नपाउने पनि मन्त्रालयले जनाएको छ ।

त्यस्तै एक कलेजले एकभन्दा बढी विदेशी विश्वविद्यालयको सम्बन्धन लिन नपाउने भएको छ । हाल एकभन्दा बढी विश्वविद्यालयसँग सम्बन्धन लिएका कलेजले तोकिएको अवधिभित्र कुनै एक सम्बन्धनमात्र कायम राख्नुपर्ने भएको हो । अन्य सम्बन्धन स्वतः खारेज गरिने मन्त्रालयले जानकारी दिएको छ ।

### कन्सल्टेन्सीले २५ लाख धरौटी राख्नुपर्ने, विद्यार्थीसँग नगद कारोबार गर्न नपाइने

शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ मा अनुमतिपत्र, आर्थिक कारोबार, विद्यार्थी सुरक्षा तथा सेवा गुणस्तरसँग सम्बन्धित नयाँ व्यवस्था राखिएको छ । शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यार्थीको हित संरक्षण, सेवा प्रवाहमा पारदर्शिता कायम गर्ने तथा शैक्षिक परामर्श संस्थाको प्रभावकारी नियमन गर्ने उद्देश्यले उक्त नियमावली तयार गरेको जनाएको छ ।

नियमावलीअनुसार शैक्षिक परामर्श सेवा सञ्चालन गर्न २५ लाख रूपैयाँ धरौटी राख्नुपर्नेछ । साथै, अनुमतिपत्रका लागि ५० हजार रूपैयाँ दस्तुर तिर्नुपर्ने छ । अब मन्त्रालयबाट अनुमतिपत्र नलिई शैक्षिक परामर्श सेवा सञ्चालन गर्न पाइने छैन । भाषा शिक्षण केन्द्र र तयारी कक्षाको नियमन भने प्रदेश वा स्थानीय तहले गर्न सक्ने छन् । अनुमतिपत्रको अवधि एक वर्षको हुने छ र प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने छ ।

शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाले कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित तालिम प्राप्त परामर्शदाता नियुक्त गर्नुपर्ने छ । साथै, संस्थाको आफ्नै भवन वा कम्तीमा तीन वर्षको भाडा सम्झौता भएको कार्यालय हुनुपर्ने व्यवस्था गरिएको छ ।

नियमावलीले विद्यार्थीसँग हुने आर्थिक कारोबार पूर्णरूपमा डिजिटल माध्यमबाट गर्नुपर्ने व्यवस्था गरेको छ । सबै शुल्क बैंक वा अन्य डिजिटल माध्यमबाट मात्र लिन पाइने छ । संस्थाले शुल्कको बिल वा भरपाई अनिवार्यरूपमा उपलब्ध गराउनुपर्ने छ । साथै, सेवा शुल्कको विवरण आफ्नै वेबसाइटमा सार्वजनिक गर्नुपर्ने छ ।

विद्यार्थीको हित संरक्षणका लागि परामर्शदाता संस्थाको जिम्मेवारी पनि बढाइएको छ । परामर्श लिएका विद्यार्थी विदेशमा अलपत्र परेमा वा सम्बन्धित शिक्षण संस्था अवैध ठहरिएमा परामर्शदाता संस्थाले क्षतिपूर्ति दिनुपर्ने छ । विद्यार्थीले 'नो अब्जेक्सन लेटर' प्राप्त गरेपछि मात्र बैंकमार्फत शैक्षिक शुल्क भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरिएको छ ।

नियमावलीले शैक्षिक परामर्श संस्थामा स्वदेशी लगानीमात्र रहने व्यवस्था गरेको छ । विदेशी लगानी भएका संस्थाले एक वर्षभित्र स्वदेशी लगानीमा नामसारी गर्नुपर्ने छ ।

त्यसैगरी, विदेश अध्ययन गर्न जाने विद्यार्थीलाई लक्षित गरी शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्न रोक लगाइएको छ । अन्य शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्न भने मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने छ ।

मन्त्रालयले सेवा गुणस्तर, कार्यसम्पादन र विद्यार्थीको सफलताका आधारमा शैक्षिक परामर्श संस्थालाई 'ए', 'बी' र 'सी' श्रेणीमा वर्गीकरण गर्न सक्ने छ । जोखिमयुक्त विदेशी विश्वविद्यालय पहिचान गरी त्यस्ता संस्थामा विद्यार्थी पठाउन रोक लगाउने अधिकार पनि मन्त्रालयलाई दिइएको छ ।

नियमावलीअनुसार अनुमतिपत्र नवीकरण नगर्ने, विद्यार्थीमाथि आर्थिक शोषण वा ठगी गर्ने, भ्रामक सूचना प्रवाह गर्ने वा कर नतिर्ने संस्थाको अनुमतिपत्र रद्द गरी धरौटी जफत गर्न सकिने व्यवस्था छ ।

■■■

## जिल्ला प्रशासनको...

### दाबी आ-आफ्नै

कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हालेका सुवर्ण लामाले विधानविपरीत अध्यक्ष तोकिएका किशोर कुमार केसीलाई कुनै पनि हालतमा अध्यक्ष स्वीकार नगर्ने बताए । कार्यसमितिका १८ जना नै यसमा एकमत रहेको उनले बताए ।

'निर्वाचनमा पराजित भएको व्यक्तिलाई जिल्ला प्रशासनले कुन आधारमा अध्यक्षको जिम्मेवारी तोक्यो ? कानुन र संस्थाको विधानबमोजिम जाने हो भने कि त उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष दिनुपर्‍यो कि त अध्यक्षको मात्रै निर्वाचन गर्नुपर्‍यो,' लामाले प्रभावसँग भने, 'विधि, विधान र कानुनविपरीतको निर्देशन मान्न हामी तयार छैनौं ।'

लामाको अध्यक्षतामा बुधबार बसेको बैठकले पनि केसीलाई अध्यक्ष स्वीकार नगर्ने निर्णय गरेको छ । बैठकले प्रशासनको निर्णय अवैधानिक र त्रुटिपूर्ण रहेको ठहर गरेको कार्यवाहक अध्यक्ष लामाले जानकारी दिए ।

केसीले भने आधिकारिक अध्यक्ष आफू नै भएको जिकिर गरे । 'नेपाल सरकारको आधिकारिक निकाय जिल्ला प्रशासन कार्यालयको निर्णय नमान्ने भन्ने हुन्छ ?,' उनले प्रतिप्रश्न गर्दै प्रभावसँग भने, 'आधिकारिक अध्यक्ष म नै हुँ, मैले बुधबार कार्यालयमा गएर पदभार ग्रहण गरिसकेँ ।'

प्रशासनको निर्णय/निर्देशन सबैले मान्नुपर्ने बताउँदै उनले तत्काल आफूलाई अध्यक्ष स्वीकार नगरे पनि विस्तारै सबैले स्वीकार गर्ने दाबी गरे । लामालाई कार्यवाहक अध्यक्ष दिने निर्णय आधिकारिक नहुने पनि उनको भनाइ छ । 'कार्यवाहक अध्यक्षको जिम्मेवारी अध्यक्षले दिने हो । अध्यक्षले पत्र दिएको छैन, आफूले आफैंलाई कार्यवाहक दिने निर्णय वैधानिक हुँदैन,' केसीले भने ।

निर्वाचनमा उनी निलम्बित अध्यक्ष गैरेसँग झण्डै दोब्बर मतान्तरले पराजित भएका थिए । गैरेले १८६ मत प्राप्त गर्दा केसीले ९५ मतमात्र पाएका थिए ।

## कास्कीमा 'मनसुन प्रतिकार्य योजना' कार्यान्वयनमा

**कास्की–** जिल्ला प्रशासन कार्यालय कास्कीले मनसुनजन्य विपद्बाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न 'मनसुन प्रतिकार्य योजना- २०८३' कार्यान्वयनमा ल्याउने भएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिको मंगलबारको बैठकमा प्रतिकार्य योजना प्रस्तुत गरिएको हो । यो प्रतिकार्य आयोजना जिल्ला समन्वय समिति कास्की र रेडक्रस सोसाइटी जिल्लासँग छलफल गरी थप अध्ययनपछि तीन दिनभित्रमा स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले बताए ।

प्रशासनले तयार गरेको विपद् न्यूनीकरण प्रतिकार्य योजनामा बाढी, पहिरो, डुबान, नदी कटान, सडक अवरोधलगायत मनसुनजन्य विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत र पुनःस्थापनाका कार्यलाई प्रभावकारी बनाउने व्यवस्था गरिएको छ । कास्की नेपालकै बढी वर्षा हुने जिल्लामध्ये एक भएकाले अन्य प्रकोपको तुलनामा जलजन्य विपद्को जोखिम उच्च रहेकाले सोहीअनुसार योजना बनाइएको छ ।

योजनाअनुसार मनसुन अवधिभर मौसम तथा सम्भावित जोखिमबारे समयमै पूर्वसूचना प्रवाह गर्ने, जोखिमयुक्त बस्तीको पहिचान गर्ने, जिल्ला तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई तयारी अवस्थामा राख्ने, राहत सामग्रीको भण्डारण गर्ने तथा सुरक्षा निकायलाई चौबीसै घण्टा तयारी अवस्थामा परिचालन गरिने सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले बताए ।

स्वास्थ्य, खानेपानी, सरसफाइ, अस्थायी आवास, खाद्यान्न, कृषि, पशुचौपाया, विद्यालय तथा बालबालिकाको सुरक्षा, महिला, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिको संरक्षणलाई पनि योजनामा प्राथमिकताका साथ समेटिएको छ । योजनाले पृथ्वी राजमार्गअन्तर्गत विजयपुर, पुम्दीभुम्दी, चंखपुर (पामे), हेम्जा, सुइखेत, नयाँपुल र लुम्लेलगायत क्षेत्रलाई पहिरो तथा सडक अवरोधको उच्च जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरेको छ । *रासस*


**स्कुटर हराएको सूचना**

मिति २०८३।०३।२१ गते भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका वडा नं.३ गट्ठाघर सानदार मःमः पसलको गल्ली नजिक पार्किङ गरी राखिएको अवस्थामा खरानी रङ्को रे जेड आर स्कुटर अन्दाजी रातको १०:०० बजेदेखि विहानको ५:०० भित्रको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : अनु खड्का
स्कुटर नं. : बा.प्र.०२-०६३ प. ५६५१
च्यासिस नं. : ME15EM24BS0006460
इन्जिन नं. : E33SE1108594
इन्जिन नं. : 2025
ठेगाना : मध्यपुरथिमी न.पा.-३, भक्तपुर
सम्पर्क नं. : ९८२७७८६५६६९/९७०२६०६०९६

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३।०३।२२ गते भक्तपुर जिल्ला, राधेराधे यातायात कार्यालय नजिक पार्किङ गरी राखिएको अवस्थामा बजाज कम्पनीको रातो/कालो रङ्को पल्सर १४९.५ सि.सि.को मोटरसाइकल अन्दाजी दिनको ११:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : धनप्रसाद पराजुली
बाइक नं. : बा.प्र. ०२-०६३ प. ००२८
च्यासिस नं. : MD2ALLCXX SPG81064
इन्जिन नं. : DHX PSG03757
सवारी मोडल नं. : 2025
ठेगाना : मध्यपुरथिमी न.पा.-९, राधेराधे, भक्तपुर
सम्पर्क नं. : ९८४५८७५६५०

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३।०३।१९ गते काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं.०७, लाहुरेटोल स्थित पार्किङ गरी राखिएको अवस्थामा कालो /रातो रङ्को पल्सर २२० सि.सि. मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : दिनेश तामाङ
बाइक नं.: बा.प्र.-०२-०६४ प ६५२६
च्यासिस नं.: MD2A13EXXTCK80158
इन्जिन नं. : DKXCSJ10518
ठेगाना : काठमाडौं, बु.न.पा ०१
सम्पर्क नं. ९७४१६८७७७३

**मलेसियामा रोजगार** कम्पनी : SK BEAUTY CARE

पूर्व स्वीकृति मिति : २०८२/१२/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२४ LT. No. 339818 चलानी नं. ६०२५३४९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPA Cleaner | 3 | 0 | 1700 | ६३,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३२ गते (16th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRUST INTERNATIONAL OVERSEAS PVT. LTD.
Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799
E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com
Govt. License 1521/074/075

**युएईमा रोजगार** कम्पनी : KESHAB KADAYAT BUILDINGS MAINTENANCE AND CLEANING SERVICES शहर : UAE

पूर्व स्वीकृत मिति: २०८३/०३/२३ चलानी नं.: ६०२५७७८० LT.No.: 344545

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 9 | 0 | स. काममा दक्ष | 1000 | ४१,४८० | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असार ३२ गते (16 July, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्न र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DIBYARATNA CONSULTANT PVT.LTD
Battisputali, Kathmandu | Phone:+977 1 4531019/97 1 2605064
Email: info@dibyaratna.com, Website: www.divyahr.com
Gov. Lic No. 1819/082/083

**युएइमा रोजगार** कम्पनी : SASY AND SAMCON CONTRACTING AND GENERAL TRANSPORT - L.L.C - S.P.C

पूर्व स्वीकृति मिति : २०८३/०२/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२४ LT. No. 342787 चलानी नं. ६०२५६२१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Assistant | 2 | 0 | 1500 | ५८,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 2 | 0 | 1500 | ५८,०७० | | | | | | | |
| 3. | Electrician. | 2 | 0 | 1500 | ५८,०७० | | | | | | | |
| 4. | Labour (Building Projects) | 2 | 0 | 1000 | ५८,०७० | | | | | | | |
| 5. | Plumber | 2 | 0 | 1500 | ५८,०७० | | | | | | | |
| 6. | Steel Fixer | 2 | 0 | 1500 | ५८,०७० | | | | | | | |
| 7. | Welder | 2 | 0 | 1500 | ५८,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: सिरहा, Salhesh Training Center Traffic Chowk-07 : २०८३ असार ३२ गते (16th Jul. 2026) मा हुनेछ ।
सिरहा, S and S Training Center Siraha Pvt.Ltd Siraha-7 Thana Chowk मा मिति : २०८३ असार ३२ गते (16th Jul. 2026) मा हुनेछ ।
धनुषा, जनकपुर, Bidesh Training Center Mujelia-14 & Jit Training Center, Barhabigha मा मिति : २०८३ साउन १ गते (17th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob:9841781155, 9808818851, 9851015421,9816060051, E-mail:cm.seagull55@gmail.com, Web:www.seagullnepal.com.np

**युएइमा रोजगार** कम्पनी : BURJ AL SAJAAH BLDG.CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344535 चलानी नं. ६०२५७८६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 4 | 0 | 1100 | ४५,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | External Buildings Workers | 3 | 0 | 1300 | ५३,८८२ | | | | | | | |

कम्पनी : DAR AL WAFAA BLDG CLEANING SERVICE

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344534 चलानी नं. ६०२५७८६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Painter Assistant | 6 | 0 | 1200 | ४९,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 4 | 0 | 1000 | ४५,५९२ | | | | | | | |
| 3. | Painter (Building/wall) | 3 | 0 | 1500 | ६२,१७१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३२ गते (16th JuLY 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Rama Medam (9841866560)
श्रम ईजाजत नं. ७९४/०६५/०६६

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८३/०३/२५ गते

बि.बि.सी. ईन्जीनियरिङ्ग कन्स्ट्रक्सन कम्पनी प्रा.लि. को २०८३/०२/०४ मा सम्पन्न वार्षिक साधारण सभाको विशेष निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./१००९७३, मिति २०८३/०२/११ को निर्णयानुसार साविकको बि.बि.सी. ईन्जीनियरिङ्ग कन्स्ट्रक्सन कम्पनी प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **बि.बि.सी. मेटल्स प्रा.लि**. कम्पनीले सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम **बि.बि.सी. मेटल्स प्रा.लि**. (**B.B.C. Metals Pvt Ltd**) कायम गरिने व्योहरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०६८।१२।३० मा दर्ता भएको प्रा.लि.नं. ९२४३६ को **ग्लोरियस हिमालयन कृषि कम्पनी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३/०३/२५ गते

यस कम्पनीको मिति २०८२/११/०८ को विशेष साधारण सभाको निर्णयबाट यस कम्पनीको नाम एस एजुकेसन भेन्चर्स प्रा.लि.बाट परिवर्तन गरी एस ए.लेभल प्रा.लि. गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/१२/१५ को निर्णयले स्विकृति प्रदान गरेको हुँदा साविक नामको कम्पनीको सम्पूर्ण सम्पत्ति दायित्व, कर आदि र शैक्षिक कार्यक्रमहरू यसै परिवर्तित कम्पनी **एस ए.लेभल प्रा.लि.** को नामबाट सञ्चालन गरिने जानकारी सहित यो सार्वजनिक सूचाना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८३/०३/२५ गते

यस कम्पनीको मिति २०८३/०३/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **भारद्वाज हर्बल फ्लेवर एण्ड फ्रागरान्सेज प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एच.एन. किचन ट्रेडर्स प्रा.लि. (प्रा.लि.नं. ३७०६२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८३/०३/२५ गते

यस कम्पनीको मिति २०८३/०३/१८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **भरतपुर मेट्रो क्लिनिक प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेशनल बाथरोग सेन्टर चितवन प्रा.लि. (प्रा.लि.नं. १६४७२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/१०/२१ मा दर्ता भएको **प्रा. लि. नं. ३२८७५८** को **बनेपा ग्लोबल स्टडी कन्सल्टेन्सी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०५६।०१।०८ मा दर्ता भएको प्रा.लि.नं. १०२८७ को **डि.जी. इन्टरनेशनल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६६।०५।१२ मा दर्ता भएको प्रा.लि.नं. ६५५७१ को **ग्रिन ल्याण्ड कम्पनी प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **30 (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।




प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट बुधबार सिंहदरबारभित्रका सरकारी कार्यालयहरूमा अशक्त, ज्येष्ठ नागरिक तथा अपांगता भएका सेवाग्राही र सरकारी कर्मचारीको सहजका लागि ह्विलचियर र सहजकर्ताको व्यवस्था शुभारम्भ गर्दै मुख्यसचिव सुमनराज अर्याल ।

*तस्बिर सौजन्य: प्रधानमन्त्रीको सचिवालय*

# निजामती अस्पतालमा औषधि खरिदमा करोडौंको खेल

## फार्मेसी प्रमुख दिपा ढुंगानासहित आठ जनाविरूद्ध अख्तियारको मुद्दा




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** मीनभवनस्थित निजामती कर्मचारी अस्पतालमा औषधि खरिद तथा भण्डारणमा करिब तीन करोड रूपैयाँबराबरको भ्रष्टाचार भएको खुलासा भएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अस्पतालको फार्मेसी शाखामा कार्यरत कर्मचारीहरूले औषधि आपूर्तिकर्ताहरूसँग आपसी साँठगाँठ गरी भ्रष्टाचार गरेको ठहर गरेको हो ।

आयोगले बुधबार अस्पतालका आठ जना कर्मचारीविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ । औषधि आपूर्ति नै नगरी नक्कली बिल बनाएर रकम भुक्तानी गरेको तथा म्याद गुज्रेका औषधि व्यवस्थापन नगरी सरकारी सम्पत्ति हानि नोक्सानी पुऱ्याएको आरोपपत्रमा उल्लेख छ ।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार अस्पतालको फार्मेसी शाखाका कर्मचारीहरूले औषधि आपूर्तिकर्ताहरूसँग आपसी साँठगाँठ गरी अस्पतालमा औषधि नै आपूर्ति नगरी सफ्टवेयरमा नक्कली बिल बिजक प्रविष्टि (इन्ट्री) गरेर ठूलो रकम भ्रष्टाचार गरेको अनुसन्धानबाट खुलेको छ ।

अस्पतालको मेडिकल डिभिजन प्रमुखको नेतृत्वमा गठित समितिले गरेको विस्तृत विश्लेषण र अनुसन्धानका आधारमा कूल दुई करोड ९१ लाख ३४ हजार रूपैयाँबराबरको सार्वजनिक सम्पत्ति हानि नोक्सानी भएको पुष्टि भएको उल्लेख गर्दै अख्तियारले सोही रकम बराबरको बिगो कायम गरी सजायको मागदाबीसहित मुद्दा दायर गरेको हो ।

मुद्दामा अस्पतालका फार्मेसी युनिट इञ्चार्ज तथा फार्मेसी अधिकृत दिपा ढुंगाना, फार्मेसी युनिट इञ्चार्ज तथा फार्मेसी सहायक लवेन्द्र कुँवर, फार्मेसी युनिट इञ्चार्ज तथा वरिष्ठ फार्मेसी सहायक दिनेश पन्त, फार्मेसी युनिट इञ्चार्ज तथा फार्मेसी सहायक दिपक सापकोटा, फार्मेसी युनिट स्टोर किपर तथा वरिष्ठ फार्मेसी सहायक विनोद पोखरेल, फार्मेसी युनिट स्टोरकिपर तथा वरिष्ठ फार्मेसी सहायक शर्मीला श्रेष्ठ, फार्मेसी युनिट स्टोरकिपर तथा फार्मेसी सहायक केशवराज न्यौपाने र फार्मेसी युनिट स्टोर किपर तथा फार्मेसी सहायक सन्दिप तिवारीलाई प्रतिवादी बनाइएको छ ।

आरोपितहरूमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा जनही दुई लाख ९१ हजार ३४ हजार रूपैयाँ बिगो कायम गरी कैद, बिगोबमोजिम जरिवाना र बिगो असुल उपरको मागदाबी गरिएको छ ।

### यसरी हुन्थ्यो सेटिङ र भ्रष्टाचार

अख्तियारले दायर गरेको आरोपपत्रअनुसार कर्मचारीहरूले पदको दुरूपयोग गरी आपूर्तिकर्तासँगको मिलेमतोमा अस्पतालमा औषधि नै आपूर्ति नगरी बिल विजकमात्र कम्प्युटर सफ्टवेयरमा इन्ट्री गरेर रकम भुक्तानी लिने-दिने गरेका थिए । कम्प्युटरमा स्टक देखाइएका कतिपय औषधिहरू यथार्थमा स्टोरमा फेला परेका थिएनन् । अस्पतालको स्टोर शाखा र भऱ्याङहरूमा करोडौं मूल्यका औषधिहरू म्याद गुज्रेर फालिएको अवस्थामा भेटिएका थिए ।

यसैगरी अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को दफा १६ (५) अनुसार प्रत्येक आर्थिक वर्षको अन्त्यमा खरिद, बिक्री र बाँकी औषधिको सन्तुलन परीक्षण तयार गर्नुपर्ने कानुनी प्रावधान भए पनि बदनियतपूर्वक सो नगरेको महालेखापरीक्षकको आव २०७७/७८ को लेखापरीक्षण प्रतिवेदनमासमेत औंल्याइएको आरोपपत्रमा उल्लेख छ ।

सम्झौताअनुसार चार महिनामात्र म्याद बाँकी भएका वा बिक्री नभएका औषधि आपूर्तिकर्ता फर्मले प्रतिस्थापन (सोधभर्ना) नगरेमा सो बराबरको रकम धरौटीबाट कट्टी गर्नुपर्ने नियम थियो । तर, लेखा शाखाले राय माग्दा फार्मेसीका जिम्मेवार कर्मचारीहरूले स्टोरमा म्याद गुज्रेका औषधि छँदाछँदै 'कुनै पनि औषधि बाँकी छैन' भनी झूटो लिखित विवरण दिई आपूर्तिकर्ताको धरौटी रकम कट्टी नगरी अवैधरूपमा फिर्ता गराएको पाइएको अख्तियारको दाबी छ ।

# अनियमित मनसुन र बढ्दो तापक्रमले हिन्दूकुश क्षेत्रमा आकस्मिक बाढीको जोखिम

**■ भीष्मराज ओझा**

**काठमाडौं–** मौसमविद्ले यस वर्षको मनसुनमा लामो समयसम्म सुक्खा अवस्था रहने, अचानक अत्यधिक वर्षा हुने, आकस्मिक बाढी, पहिरो तथा हिमनदीसँग सम्बन्धित जोखिम बढ्नसक्ने चेतावनी दिएका छन् ।

पाकिस्तान र भारतका विभिन्न स्थानमा विनाशकारी बाढी तथा बादल फाटेर उत्पन्न भएका विपद्का घटना जारी रहेकाले हिन्दूकुश हिमालय (एचकेएच) क्षेत्रका समुदायले यस वर्षको मनसुनमा मौसमीय प्रवृत्तिको सामना गर्नुपर्ने मौसम पूर्वानुमानकर्ताले चेतावनी दिएका हुन् ।

पाकिस्तानको गिलगिट-बाल्टिस्तानमा हालै बादल फाटेर आएको छ । भारतको अरुणाचल प्रदेशमा अत्यधिक वर्षाका कारण आएको बाढीपछि मौसम विशेषज्ञले सचेत गराएका हुन् । मनसुन पूर्वानुमान २०२६ ले हिन्दूकुश हिमालय क्षेत्रका अधिकांश भागमा मौसमी वर्षा सामान्यभन्दा कम रहने प्रक्षेपण गरेको छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का विपद् जोखिम न्यूनीकरण विशेषज्ञ सस्वता सन्यालले मौसमी वर्षा कम हुनु भनेको बाढीको जोखिम कम हुने भन्ने भ्रमबाट मुक्त हुन अनुरोध गरे ।

'मौसमी पूर्वानुमानले केही महिनाको औसत अवस्थालाई देखाउँछ, कुनै एक उपत्यकामा के हुन्छ भन्ने होइन । 'एल निनो'को प्रभावमा लामो सुक्खा अवधिबीच स्थानीयरूपमा हुने अत्यधिक वर्षाले विनाशकारी आकस्मिक बाढी र पहिरो निम्त्याउन सक्छ,' उनले भने ।

मनसुन असमान हुने र पूर्वानुमान गर्न कठिन बन्दै गएको छ । लामो समयसम्म सुक्खा अवस्था रहँदा कृषि र पानी आपूर्तिमा दबाब बढिरहेको छ । छिटपुट अत्यधिक वर्षाका घटनाले जनजीवन र पूर्वाधारलाई निरन्तर जोखिममा पारिरहेका छन् ।

सामान्यभन्दा बढी तापक्रमले सिन्धु, गंगा र ब्रह्मपुत्र नदी प्रणालीका हिमनदी-आधारित नदी बेसिनमा जोखिम अझ बढाउने अनुमान गरिएको छ । बढ्दो तापक्रमले हिमनदी र हिउँ पग्लिने प्रक्रिया तीव्र बनाउँछ, जसले नदीमा थप पानी बढ्छ । यसले पहाडी भिरालो भूभाग तथा हिमताललाई अस्थिर बनाउँछ ।

जलविज्ञ मनिष श्रेष्ठले पाकिस्तानको 'थोरे' उपत्यकामा हालै आएको बाढीले हिन्दूकुश हिमालय क्षेत्रको जोखिम देखाएको उल्लेख गरे । उनले भने, 'अत्यधिक वर्षा, हिमनदी पग्लिनु, अस्थिर भिरालो जमिन र तीव्र गतिमा बढ्ने नदी एकअर्कासँग मिलेर शृङ्खलाबद्ध विपद् सिर्जना गर्न सक्छन् । तयारी पनि संयुक्त जोखिमलाई ध्यानमा राखेर गर्नुपर्छ, प्रत्येक जोखिमलाई अलग रूपमा हेरेर होइन ।'

जलवायुविज्ञले यस्तो अवस्थामा सरकारले खडेरी, अत्यधिक गर्मी, आकस्मिक बाढी, पहिरो र हिमनदीसम्बन्धी जोखिमलाई छुट्टाछुट्टै नभई एकीकृत रूपमा सामना गर्न तयारी गर्नुपर्छ भन्ने धारणा राखेका छन् । नेपाल, भारतका उत्तरी तथा उत्तर-पूर्वी क्षेत्र, पाकिस्तान र अन्य जोखिमयुक्त पहाडी क्षेत्रका नदी किनार, ठाडो ओराले भूभाग तथा तीव्ररूपमा विस्तार भइरहेका सहरी क्षेत्रमा विशेष ध्यान दिन आवश्यक छ ।

मनसुनका अझै धेरै हप्ता बाँकी रहेका छ । मौसमविज्ञका अनुसार सबैभन्दा ठूलो जोखिम भनेको कम वर्षा हुने दिनलाई कम विपद्को सङ्केत ठान्नु हो । यस वर्षको मनसुनले खडेरी र बाढी दुवैका लागि एकैसाथ तयारी गर्नुपर्ने आवश्यकता देखाएको छ ।

इसिमोडकी जल तथा विपद् जोखिम न्यूनीकरण प्रमुख नीरा श्रेष्ठ प्रधानका अनुसार हिमाली समुदायले लामो समयदेखि प्रयोग गर्दै आएको वैज्ञानिक पूर्वानुमान र स्थानीय ज्ञानलाई एकसाथ संयोजन गर्नु आवश्यक छ । 'भिरालो भूभाग र नदी किनारमा रहेका बस्ती यस मनसुनमा बढी जोखिममा रहने स्थानमध्ये पर्दछन्,' उनले भनिन् ।

नदी प्रणाली र राष्ट्रिय सीमापार फैलिने जोखिम व्यवस्थापनका लागि सीमापार पूर्वसूचना प्रणाली तथा सूचना आदनप्रदानलाई सुदृढ बनाउनु आवश्यक हुँदै गएको मौसम पूर्वानुमानकर्ताले सुझाव दिएका छन् । *रासस*


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०३/२५**

**इमिटेशन मेटलक्राफ्ट प्रा. लि.** को मिति २०८३/०३/१६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इमिटेशन गार्मेन्टस् प्रा. लि. (दर्ता नं. ३५१६६४)** कायम गर्ने गरी मिति २०८३/०३/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२५**

**महाराजा द रोयल होटल प्रा. लि.** को मिति २०८३/०३/१२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **होटल क्लासिक ड्रिम्स प्रा. लि. (दर्ता नं. ३११९८३)** कायम गर्ने गरी मिति २०८३/०३/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०३/२५ गते**

यस कम्पनीको मिति २०८३/०३/१८ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **इम्पायर स्टेट रेसिडेन्सी** को नाम परिवर्तन गरी **इभारा स्टेट्स कम्पनी प्रा.लि.(दर्ता नम्बर ३९५२५७)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०३/२२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**मलेसियामा रोजगार** — कम्पनी : K-FORCE SECURITY SERVICES SDN BHD — Address: JALAN TAMPOI 5

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२४ | LT. No. 332675 | चलानी नं. ६०२४६३२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 11 | 0 | 1700 | ६३,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३२ गते (16th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80

**साउदीमा रोजगार** — कम्पनी : INTELLIGENT SYSTEM GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/२४ | LT. No. 344617 | चलानी नं. ६०२५७८५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 16 | 0 | 2500 | १,०२,०४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३२ गते (16th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www.cosmointernational.com.pn

**मलेसियामा रोजगार** — कम्पनी : JINMA FOOD SERVICES SDN BHD — Address: JALAN WAN KADIR 2

पूर्व स्वीकृति मिति : २०८२/१२/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२४ | LT. No. 340497 | चलानी नं. ६०२५३९६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew/Male | 1 | 0 | 1700 | ६३,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३२ गते (16th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com
श्रम इजाजत नं. १२७५/०७४/७५

**युएइमा रोजगार** — कम्पनी : FLEX FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२४ | LT. No. 334413 | चलानी नं. ६०२४७९९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 98 | 24 | 1000 | ४१,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३२ गते (16th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUNG MANPOWER PVT.LTD. (PUJAN H. R. SERVICE)
Govt. License No. 1047/073/74
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816, +9779801309349 Deeya Sadashankar
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np

**कतारमा रोजगार** — कम्पनी : QATAR FOOD COMPANY - AMERICANA

पूर्व स्वीकृति मिति : २०८२/०८/०२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/२४ | LT. No. 333876 | चलानी नं. ६०२५७५३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dishwaher | 0 | 23 | 1200 | ४९,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer / Helpers | 122 | 0 | 1200 | ४९,९९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३२ गते (16th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHAN A.B. INTERNATIONAL PVT. LTD.
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9706659209 (Narayan Bhattarai)
श्रम इजाजत नं. ९१५/०६७/६८

**मलेसियामा रोजगार** — कम्पनी : CANNING DIM SUM SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | LT. No. 344595 | चलानी नं. ६०२५७८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 4 | 0 | 1700 | ६३,४५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३२ गते (16th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sansar International Services Pvt. Ltd.
श्रम इजाजत नं. ८९८/०६७/०६८
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Man bir Khatri 9849548340

**ओमनमा रोजगार** — कम्पनी : SAMUL INTERNATIONAL LLC

पूर्व स्वीकृति मिति : २०८३/०३/२४ | LT. No. 344680 | चलानी नं. ६०२५७८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 5 | 0 | 100 | ३९,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electronics Tv Repair Tech | 5 | 0 | 120 | ४७,६९० | | | | | | | |
| 3. | General Builder | 2 | 0 | 100 | ३९,७४० | | | | | | | |
| 4. | General Electrician | 5 | 0 | 120 | ४७,६९० | | | | | | | |
| 5. | Reinforced Building Smith | 3 | 0 | 120 | ४७,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३२ गते (16th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROVE INTERNATIONAL PVT.LTD.
Sukedhara, Opposite to Prime Bank Kathmandu, Nepal
T: +977-01-4586922 | E:- rove35@yahoo.com I w:-www.roveintl.com
Govt.Lic. No 1033/071/072

**युएइमा रोजगार** — कम्पनी : EMIRATES INTERNATIONAL PROJECTES FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/१०/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२४ | LT. No. 337636 | चलानी नं. ६०२५११२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 69 | 0 | 1500 | ६२,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Data Entry | 3 | 0 | 1500 | ६२,१७१ | | | | | | | |
| 3. | Electrician. | 1 | 0 | 1500 | ६२,१७१ | | | | | | | |
| 4. | Light Vehical Driver | 10 | 0 | 2000 | ८२,८९४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
सुनसरी, इटहरी, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८३ असार २६ गते (10th Jul. 2026) मा हुनेछ ।
धनुषा, जनकपुर, मधेश ट्रेनिङ सेन्टर/जे श्री राम ट्रेनिङ सेन्टर/फ्रेन्डसिप ट्रेनिङ सेन्टरमा मिति: २०८३ असार २७ गते (11th Jul. 2026) मा हुनेछ ।
धनुषा, जनकपुर, JIT ट्रेनिङ सेन्टर/ Vision and Value ट्रेनिङ सेन्टरमा मिति: २०८३ असार २७ गते (11th Jul. 2026) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २८ गते (12th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, Bhupendra Lal Karna (9802358805)
Bhupendra lal Karna : +9779802358805, E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### संविधान संशोधनमा सर्वपक्षीय सहमति अनिवार्य

संविधान कुनै पनि मुलुकको मूल कानुनमात्र होइन, यो राजनीतिक दलहरू र जनताबीचको बृहत् राष्ट्रिय सहमतिको साझा दस्तावेज पनि हो । नेपालको परिप्रेक्ष्यमा २०७२ सालमा जारी भएको 'नेपालको संविधान' लामो राजनीतिक संघर्ष, बलिदान र प्रमुख दलहरूबीचको अभूतपूर्व एकताको जगमा उभिएको छ । समय र आवश्यकताअनुसार संविधान संशोधन हुनु स्वाभाविक प्रक्रिया भएता पनि यसको सर्वस्वीकार्यता र हैसियत राष्ट्रिय सहमतिमामात्रै टिकेको हुन्छ । तर, वर्तमान वालेन्द्र सरकारद्वारा गठित संविधान संशोधन कार्यदलबाट एकपछि अर्को गर्दै प्रमुख विपक्षी दलहरू बाहिरिनुले देश पुनः एउटा नयाँ राजनीतिक ध्रुवीकरण र विवादतर्फ धकेलिने संकेत गरेको छ ।


सरकारले संविधान संशोधनबारे राष्ट्रिय बहस चलाउने उद्देश्यसहित प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असीम शाहको नेतृत्वमा कार्यदल गठन गरेको थियो । तर, अन्तिम चरणमा आइपुग्दा यो कार्यदलमा केवल सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को मात्रै सहभागिता हुने भएको छ । सुरुमै नेपाली कांग्रेस र नेकपा एमालेले दूरी बनाएको यस प्रक्रियाबाट अहिले नेकपा, जसपा, लोसपा, राष्ट्रिय जनमोर्चा र श्रम संस्कृति पार्टीसमेत बाहिरिएका छन् । देशका मुख्य राजनीतिक शक्तिहरूको बहिर्गमनले अब कार्यदलले तयार पार्ने बहसपत्रको राजनीतिक स्वामित्व र नैतिक हैसियतलाई पूर्णरूपमा कमजोर बनाइदिएको छ ।

विपक्षी दलहरू कार्यदलबाट बाहिरिनुको मुख्य कारण सरकार र विशेषगरी सत्तारुढ रास्वपाको नियतमाथिको आशंका हो । संविधानका आधारभूत संरचना मानिएका संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशिताजस्ता संवेदनशील विषयहरूलाई बहसको सूचीमा राखिनु नै मुख्य विवादको जड बन्यो । त्यसमाथि, रास्वपाको हालैको महाधिवेशनबाट 'प्रदेशसभा खारेज गर्ने' प्रस्ताव पारित हुनु र चुनावी घोषणापत्रमा प्रत्यक्ष निर्वाचित कार्यकारीको वकालत गरिनुले अन्य दलहरूमा संशय पैदा गऱ्यो । संविधानको आधारभूत मूल्य र मान्यतालाई नछुने लिखित प्रतिबद्धता विपक्षीले माग्दा सरकारले दिन नसक्नुले सरकारको मनसायमाथि प्रश्न उठ्नु जायज देखिन्छ । नेकपाका महासचिव देव गुरुङले भनेझैँ, वर्तमान संसद् र सरकारसँग संविधान पुनर्लेखन गर्ने वा यसका आधारभूत पिलरहरू भत्काउने जनमत र जनादेश छैन ।

कार्यदलले देशभरबाट करिब ४४ हजार ६०० सुझाव संकलन गरेको र १२४ वटा विषयमा छलफल गरेको दाबी गरे पनि राजनीतिक दलहरूको स्वामित्वविना सुझावको संख्यालेमात्र वैधता पाउन सक्दैन । संविधानविद् डा. भिमार्जुन आचार्यले औंल्याएझैँ, संवैधानिक कानुनका विज्ञहरूको अनुपस्थिति र गैरविशेषज्ञको नेतृत्वमा यति गम्भीर दस्तावेज तयार पार्नु आफैंमा त्रुटिपूर्ण छ । असार मसान्तभित्र बुझाइने भनिएको यो प्रतिवेदन अब राष्ट्रिय सहमतिको साझा दस्तावेज नभएर केवल सरकारको 'एकपक्षीय अवधारणा' मा सीमित हुने निश्चित छ ।

विगतमा २०७२ सालमा संविधान जारी गर्दा होस् वा नेपालको नयाँ राजनीतिक नक्सा पारित गर्दा, प्रमुख दलहरू सधैँ एक ठाउँमा उभिएका थिए । संविधान संशोधनजस्तो दूरगामी महत्त्वको विषय हचुवाको भरमा वा बहुमत र सत्ताको दम्भमा अघि बढाउन खोजिए यसले मुलुकमा नयाँ द्वन्द्व सिर्जना गर्ने छ । संसद्भित्र दुईतिहाइ बहुमतविना संशोधन सम्भव नभएको अवस्थामा विपक्षीलाई चिढ्याएर ल्याइने कुनै पनि प्रतिवेदन केवल दराजको शोभा बन्नेछ । तसर्थ, सरकारले तत्काल आफ्नो हठ त्यागेर संशयमा रहेका दलहरूलाई विश्वासमा लिनुपर्छ । संविधानको आधारभूत संरचनाको रक्षा गर्ने प्रतिबद्धतासहित पुनः सर्वपक्षीय सहमतिको वातावरण निर्माण गर्नु नै वर्तमान राजनीतिक गतिरोधको एकमात्र निकास हो ।

# पाली भाषाको प्राचीनता र व्यापकता



❑ मदनरत्न मानन्धर

> बुद्ध जन्मभूमि देश नेपालका नेपालीहरूले आफ्नै पुर्खाको रूपमा रहेका भगवान् बुद्धद्वारा प्रयोग गरेको पाली भाषाको प्राचीनता र व्यापकताको बारेमा राम्रो जानकारी राखी उनीद्वारा उपदेशित शिक्षालाई शुद्धरूपमा ग्रहण गरी सो अनुरूप आफ्नो र आफूमा आश्रित परिवारजनको स्थायी सुख, शान्ति र उत्तरोत्तर प्रगति गर्नमा विलम्ब नगर्दा अहिले प्राप्त दुर्लभ मनुष्य जीवन सार्थक बनाउन सहयोगी हुन सक्दछ भन्दा अत्युक्ति नहोला ।

आजभन्दा २६४८ वर्षअघि (इ.पू. ६२३ मा) नेपालको दक्षिण पश्चिम तराईको लुम्बिनी उपवनमा जन्मिएका राजकुमार सिद्धार्थले ३५ वर्षको उमेरमा बुद्धत्व ज्ञान प्राप्त गरी बुद्ध कहलिए । नेपालको कपिलवस्तुका तत्कालीन राजा शुद्धोधन र महारानी महामायादेवीका ज्येष्ठ सुपुत्र उनले आफूले प्राप्त गरेको बोधिज्ञान (दुःख मुक्तिको उपाय) लाई आफ्नो शेष जीवनको ४५ वर्षसम्म भूगोलको विभिन्न खण्डमा बाँडे र ८० वर्षको पाको उमेरमा महापरिनिर्वाण (देहावसान) भए । उनको परिनिर्वाणको करिब तीन महिनापछि नै विद्वान शिष्य भिक्षुहरूबाट सम्पूर्ण बुद्धवचनलाई संग्रह गरी त्रिपिटक खडा गरे । बुद्धले ज्ञान बाँड्नमा प्रयोग गरेको भाषा त्यतिबेलाको प्रचलित जनभाषा मागधी भाषा थियो । पछि सो भाषा पाली भाषाबाट चिनियो । यस लेखमा उक्त पाली भाषाको प्राचीनता र व्यापकताका बारेमा प्रकाश पार्न खोजिएको छ ।

नेपालका विभूति, विश्व शान्तिका अग्रनायक, सम्पूर्ण प्राणीहरूको दुःख मुक्तिका लागि अनवरत प्रयासरत रहेका महाकारुणिक तथागत गौतम बुद्धले बाँडेका करिब ८४ हजार धर्मस्कन्ध (उपदेश वा शिक्षा) को समूह नै त्रिपिटक हुन् । यसलाई सूत्रपिटक, विनयपिटक र अभिधर्मपिटक भनी विभाजन गरिएको छ । सूत्रपिटक अध्ययन गर्न सहजताका लागि यसलाई पनि पाँचवटा निकायमा विभाजन गरिएको छ । ती हुन्- दीघनिकाय, मज्झिमनिकाय, संयुक्तनिकाय, अंगुत्तरनिकाय र खुद्दकनिकाय ।

तीमध्ये खुद्दकनिकायको १५ वटा ग्रन्थमा उल्लिखित धम्मपदको ४२३ वटा गाथा (श्लोक) हरूअन्तर्गत बुद्ध वर्गको १८३ गाथामा भनिएको छ, 'सब्बपापस्स अकरणम्, कुसलस्स उपसम्पदा, सचित्तपरियोदपनम् एतम् बुद्धान सासनम् ॥ अर्थात् सबै प्रकारका पाप कर्म नगर्नू, कुशल कर्म सञ्चय गर्नू, आफ्नो चित्त (मन) लाई शुद्ध गर्नू, यही (सबै) बुद्धहरूको शिक्षा हो ।' यहाँ सबै बुद्धहरूको शिक्षा हो भनिएबाट एकजना बुद्धको मात्र होइन भन्ने कुरा स्पष्ट हुन्छ । लोकमा एकभन्दा बढी बुद्धहरू उत्पन्न भइसक्नुभयो र भविष्यमा पनि अनेक बुद्धहरू उत्पन्न हुने छन् भन्ने जानकारी खुद्दकनिकायको १५ वटा ग्रन्थहरूअन्तर्गत बुद्धवंश पालीमा पाइन्छ । यी सबै बुद्धहरूको शिक्षा एकै हुन्छन् भन्ने आशय माथिको धम्मपद गाथाले दर्साउँछ ।

बुद्धवंश पालीमा दीपंकर बुद्धदेखि वर्तमान गौतम बुद्धसम्म २५ जना बुद्ध र त्यसभन्दा पहिलेका तीन जना गरी जम्मा २८ जना बुद्धको विवरण उल्लेख भएको छ । एक जना बुद्ध उत्पन्न हुन पनि धेरै कल्प समय लाग्ने कुरा पनि त्यहाँ उल्लेख छ । कल्प भन्नाले अनगिन्ति वर्षहरू हुने गर्दछ । यसरी बुद्धहरूको परम्परा अनन्तकालदेखि चलिआएको देखिन्छ । सबै बुद्धले पालि भाषामै उपदेश वा शिक्षा बाँड्ने भएकोले पालि भाषाको प्रचलन प्राचीनकालदेखि नै रही आएको पाइन्छ । यस अर्थमा पालि भाषा कति पुरानो हो भन्ने अड्कल गर्न सकिन्छ । साथै, यस भाषाको प्राचीनता उजागर हुन आउँछ ।

यसैगरी सूत्रपिटकको तेस्रो ग्रन्थ संयुक्त निकायको महावग्ग, सच्चसंयुक्तमा धम्मचक्कप्पवत्तन सुक्त नामक एक सूत्र उल्लेख छ, जसलाई बुद्धको प्रथम देशनाको रूपमा लिइन्छ । सोही सूत्र विनयपिटकको महावग्ग पाली, महाखन्धकमा धम्मचक्कप्पवत्तन भनी उल्लेख गरिएको पाइन्छ । सो सूत्रअनुसार सिद्धार्थ गौतमले करिब दुई हजार ६१४ वर्ष पहिले वैशाख पूर्णिमाको रात बोधिज्ञान लाभ गरी बुद्ध बने । त्यसको दुई महिनापश्चात् अर्थात् असार पूर्णिमाको दिन वाराणसीको मृगदावनमा पाँच जना शिष्यहरूलाई पालि भाषामा प्रथम धर्मचक्र प्रवर्तन याने कि धर्मको प्रथम देशना गरे । यसमा चार आर्य सत्य, आर्य अष्टांगिक मार्गका कुराहरू प्रमुख रूपमा रहेका छन् । यस सूत्र देशना गर्ने क्रममा बुद्धले 'पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि, ञाणं उदपादि, विज्जा उदपादि, आलोको उदपादि' भनी बडो स्पष्टसँग उद्घोष गरेको पाइन्छ, जसको अर्थ हो 'पहिले नसुनेको धर्ममा चक्षु (आँखा) उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक (प्रकाश) उत्पन्न भयो ।' यी र यस्तै कुरा सुनेर ती पाँच जना शिष्यहरूमध्ये ज्येष्ठ कोण्डिन्यले विरज विमल ज्ञान प्राप्त गरेको कुरा उल्लेख छ ।

उक्त धम्मचक्कप्पवत्तन सुक्तमा उल्लेख भएअनुसार बुद्धको सो उपदेश सकिनासाथ भूमिमा रहेका देवताहरूले अभिनन्दनका साथ बुद्धले धर्मचक्र प्रवर्तन गरेको कुरा उद्घोष गरे । ती देवताहरूको उद्घोष सुनेर चतुर्महाराजिका देवताहरूले पनि सो कुराको उद्घोषण गरे । यसलाई सुनेर त्रायत्रिंश देवताहरूले, यामा देवताहरूले, तुसिता देवताहरूले, निर्माणरति देवताहरूले, परनिर्मित वशवर्ति देवताहरूले र ब्रह्मकायिका देवताहरूले एकैस्वरमा बुद्धले उक्त धर्मचक्र प्रवर्तन गरेको कुराको उद्घोषण गरे भन्ने विवरण उल्लेख भएको छ । यस हिसाबले बुद्धले उपदेशका क्रममा प्रयोग गरेको पाली भाषा विभिन्न प्रकारका र विभिन्न लोकमा रहेका देवतालगायत ब्रह्माहरूले समेत बुझेको भन्ने सुस्पष्ट हुन्छ । यसबाट पालि भाषाको व्यापकता देवलोक ब्रह्मलोकसम्म पनि रहेको छ भन्ने बुझ्न गाह्रो भएन ।

विनयपिटक अ√कथा, चूलवग्ग, खुद्दकवत्थुक्खन्धकमा भनिएको छ, 'सकाय निरुत्तियाति एतथ सका निरुत्ति नाम सम्मासम्बुद्धेन वुत्तप्पकारो मागधिको वोहोरो' अर्थात् सकाय निरुत्ति भनी आफ्नो भाषा सम्यकसम्बुद्धले बोलेको भाषा मागधिक हो भनिएको छ । पदपसिद्धि व्याकरणमा 'सा मागधि मूलभासा, नरा यायादिकप्पिका । ब्रह्मनो चस्सुतालापा, सम्बुद्धा चापि भासरे' अर्थात् उक्त मागधी मूलभाषा, मानिसहरूदेखि लिएर ब्रह्मादेखि लिएर असुर र सम्बुद्धहरूले पनि बोल्ने भाषा भनिएको छ (कुसलञाणी गुरुमां, २०८१) ।

बुद्धकालीन समयमा वेदको भाषा छन्दस् थियो । चूलवग्गपालिमा भगवान् बुद्धले यमेलु र तेकुल भन्ने दुई दाजुभाइ ब्राह्मण भिक्षुहरूलाई भनेको पाइन्छ, 'बुद्धवचनलाई जसले छन्दस् भाषामा उल्था गर्छ, उसलाई दुष्कृत्य आपत्ति हुन्छ । कि बुद्धवचन आ-आफ्नो भाषामा अध्ययन गर्नका लागि म अनुमति दिन्छु' भनी विनय प्रज्ञप्त गरे । यसरी बुद्धवचनलाई आ-आफ्नो भाषाबाट सिक्न, जान्न स्वतन्त्रता दिएको कुरा स्पष्ट हुन्छ । पाली भाषाको आफ्नो लिपि नभएकाले आ-आफ्नै लिपिमा पाली भाषा सरलरूपमा सिक्न सकिन्छ (कुसलञाणी गुरुमां, २०८१) ।

बौद्ध विद्वान भरतसिंह उपाध्यायको कथनअनुसार १९औं शताब्दीमा आएर मागधि भाषालाई पाली भाषा भनी प्रचलनमा ल्याइएको हो । भगवान् बुद्धको वचनलाई सुरक्षित राखेको र पालन गरिएको भाषा भएकोले पाली भाषा भनिएको हो । हाल आएर मागधि भन्ने चलन हराएर मूल त्रिपिटक र अर्थकथा आदि समस्त ग्रन्थलाई नै पाली भाषा भनिएको पाइन्छ । पाली भाषा एक भाषामात्र नभएर बुद्धवचन वा बुद्धशिक्षा भनी मनन् गर्न आवश्यक छ (कुसलञाणी गुरुमां, २०८१) ।

बुद्ध जन्मभूमि देश नेपालका नेपालीहरूले आफ्नै पुर्खाको रूपमा रहेका भगवान् बुद्धद्वारा प्रयोग गरेको पाली भाषाको प्राचीनता र व्यापकताको बारेमा राम्रो जानकारी राखी उनीद्वारा उपदेशित शिक्षालाई शुद्धरूपमा ग्रहण गरी सो अनुरूप आफ्नो र आफूमा आश्रित परिवारजनको स्थायी सुख, शान्ति र उत्तरोत्तर प्रगति गर्नमा विलम्ब नगर्दा अहिले प्राप्त दुर्लभ मनुष्य जीवन सार्थक बनाउन सहयोगी हुन सक्दछ भन्दा अत्युक्ति नहोला । *रासस*

***(लेखक बौद्ध धर्म दर्शनका अध्यता हुन्)***

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

**अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने**

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

## पाठक मञ्च

# गगनकुमार थापा र विश्वप्रकाश शर्मालाई खुलापत्र

**आदरणीय गगनकुमार थापाज्यू**
**र विश्वप्रकाश शर्माज्यू,**

मेरो बाल्यकालको एउटा दृश्य आज पनि मनमा ताजै छ । कुनै आन्दोलन भइरहेको थियो । म सानो थिएँ, राजनीति बुझ्ने उमेर थिएन । न पार्टी चिनेको थिएँ, न विचारधारा बुझेको थिएँ । तर मेरो हातमा एउटा चारतारे झण्डा थियो । म त्यो झण्डा बोकेर अरूको पछि-पछि हिँडिरहेको थिएँ ।

समय बित्दै गयो । म ठूलो हुँदै गएँ । अनि बिस्तारै बुझ्न थालेँ-चारतारे झण्डा केवल एउटा चुनाव चिह्न होइन रहेछ । यो त लोकतन्त्रको विश्वास, स्वतन्त्रताको सपना, समानताको प्रतिबद्धता र हरेक नागरिकलाई सम्मानपूर्वक साथ लिएर हिँड्ने राजनीतिक संस्कारको प्रतीक रहेछ । यही विश्वासले मलाई नेपाली कांग्रेससँग भावनात्मकरूपमा जोड्यो ।

बाल्यकालदेखि आजसम्म म निरन्तर चारतारे झण्डा बोकेर हिँडिरहेको छु । मेरो क्षेत्रबाट उठ्नुभएका पार्टीका उम्मेदवार र नेताहरूलाई मैले आफ्नो सामर्थ्यले भ्याएसम्म साथ दिएको छु । कहिले घरदैलोमा हिँडेर, कहिले मानिसहरूलाई जोडेर, कहिले आफ्नो समय, श्रम र सम्बन्ध खर्च गरेर, मैले कांग्रेसलाई आफ्नो पार्टी ठानेर योगदान गरेको छु । मैले कहिल्यै कुनै पदको बार्गेनिङ गरिनँ । मलाई लाग्थ्यो- पार्टीले एक दिन योगदान, प्रतिबद्धता र क्षमतालाई अवश्य देख्ने छ ।

आज म नेपाली कांग्रेसको क्रियाशील सदस्य हुँ । लोकतन्त्र र समावेशी समाजको पक्षमा खुलेर बोलिरहेको छु । लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका नागरिकहरूको अधिकार, सम्मान र सहभागिताका लागि निरन्तर संघर्ष



गरिरहेको छु । तर यतिका वर्षको आस्था, योगदान र निरन्तर यात्रापछि पनि एउटा प्रश्नले मेरो मनलाई बारम्बार घोचिरहेको छ- के नेपाली कांग्रेसमा हामीजस्ता मानिसहरू झण्डा बोक्नमात्र योग्य हौं, तर नेतृत्व गर्न योग्य छैनौं ?

यदि नेपाली कांग्रेस साँच्चै समावेशी पार्टी हो भने, यदि यसले विविधतालाई आफ्नो शक्ति ठान्छ भने, म जस्ता सक्रिय, प्रतिबद्ध र राजनीतिकरूपमा सक्षम लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिलाई केन्द्रीय सदस्य बनाउने बाटोमा आखिर केले रोकिरहेको छ ?

हाम्रो योग्यता कम छ ? हाम्रो योगदान कम छ ? हाम्रो निष्ठा कम छ ? कि हाम्रो पहिचान नै हाम्रो विरुद्धको अदृश्य पर्खाल बनेको छ ?

समावेशिताको कुरा भाषणमा सुन्दर सुनिन्छ । घोषणापत्रमा अझ आकर्षक देखिन्छ । तर यसको वास्तविक परीक्षा निर्णय गर्ने ठाउँमा हुन्छ । त्यहाँ विविध समुदायका मानिसहरूलाई स्थान दिइन्छ कि दिइँदैन भन्ने कुराले नै पार्टीको चरित्र मापन गर्छ ।

म कुनै दया मागिरहेको छैन । कुनै विशेष सुविधा पनि मागिरहेको छैन । म केवल त्यही मूल्यको सम्मान मागिरहेको छु, जसको प्रतीक बनेर मैले बाल्यकालदेखि चारतारे झण्डा बोकेँ । म केवल यति जान्न चाहन्छु- नेपाली कांग्रेसमा हामीलाई निर्णय गर्ने तहसम्म पुग्नबाट रोक्ने वास्तविक कारण के हो ?

किनकि यदि हामी झण्डा बोक्न सक्छौं भने हामी नेतृत्व पनि गर्न सक्छौं । यदि हामी चुनावमा पसिना बगाउन सक्छौं भने हामी नीति निर्माणमा पनि योगदान दिन सक्छौं । यदि हामी पार्टीलाई जिताउन सक्छौं भने हामी पार्टीलाई नेतृत्व दिन पनि सक्षम छौं ।

आज म तपाईंहरूलाई यो प्रश्न केवल आफ्ना लागि सोधिरहेको छैन । म ती हजारौं युवाका लागि सोधिरहेको छु, जो चारतारे झण्डामा भरोसा गरेर हिँडिरहेका छन्; ती सीमान्तकृत समुदायका नागरिकहरूका लागि सोधिरहेको छु, जो नेपाली कांग्रेसलाई आफ्नो पनि पार्टी ठान्न चाहन्छन् ।

मेरो बाल्यकालको त्यो सानो हातले बोकेको चारतारे झण्डाले मलाई एउटा सपना देखाएको थियो- यो पार्टी सबैको हो । यहाँ कुनै पनि नागरिकको पहिचान उसको सम्भावनाको बाधक बन्दैन । आशा छ, त्यो सपना केवल सपना बनेर रहने छैन । तपाईंहरूको नेतृत्वमा नेपाली कांग्रेसले यस्तो जवाफ व्यवहारबाट दिने छ, जहाँ हामीजस्ता नागरिकहरू झण्डा बोक्ने पंक्तिमामात्र होइन, निर्णय गर्ने नेतृत्वमा पनि सम्मानपूर्वक उभिन सक्ने छन् ।

सादर,

**- सुरेन्द्र पाण्डे**
क्रियाशील सदस्य, नेपाली कांग्रेस




**सडकमा भित्तेचित्र** | काठमाडौं महानगरपालिका-३२ अन्तर्गत कोटेश्वर-बालकुमारी सडकखण्डको भित्तामा सम्पदासम्बन्धी चित्र कोर्दै चित्रकार । काठमाडौं महानगरपालिकाले सडक सौन्दर्यीकरण अभियानअन्तर्गत भित्तेचित्र निर्माणसँगै गमलामा फूल रोपेर सो क्षेत्रलाई थप आकर्षक बनाउने योजनाको कार्यान्वयन गरिरहेको छ । *तस्बिरः रासस*

# तामाङ भाषाको पहिलो पत्रिकाका सम्पादक मोक्तानको निधन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** तामाङ भाषाको पहिलो हस्तलिखित पत्रिका 'म्हेन्दो' का सम्पादक शेरबहादुर मोक्तान (मोक्तान भाइ) को निधन भएको छ । भोजपुरका ८४ वर्षीय मोक्तानको सोमबार उनकै निवास भोजपुरबजारमा निधन भएको हो । उनको मंगलबार बौद्ध परम्पराअनुसार दाहसंस्कार गरिएको मोक्तानको परिवारका एक सदस्यले जानकारी दिएका छन् ।




मोक्तानको सम्पादनमा वि.सं. २०१६ वैशाख १ गते 'म्हेन्दो' प्रकाशित भएको थियो । चार अंक प्रकाशित म्हेन्दो नै तामाङ भाषाको पहिलो पत्रिका भएको लेखक एवं अनुसन्धाता रविन्द्र तामाङले बताए । 'तामाङ पत्रकारिताको जग बसाल्ने काम मोक्तान भाइले हस्तलिखित पत्रिकामार्फत गर्नुभएको थियो । उहाँको निधनले तामाङ पत्रकारिता, तामाङ वाङ्मय र सामाजिक अभियानमासमेत ठूलो क्षति पुगेको छ,' उनले भने ।

वि.सं. १९९९ सालमा भोजपुरमा जन्मिएका मोक्तानले माध्यमिक शिक्षा त्यहीँबाट पूरा गरेका थिए । म्हेन्दोको सम्पादन गर्दा उनी कक्षा ९ मा अध्ययनरत थिए । नेपाली साहित्यमा स्नातक तहसम्म अध्ययन पूरा गरेपछि उनी वि.सं. २०२२ सालदेखि भूमि सुधार कार्यालयअन्तर्गत सहकारी अधिकृतका रूपमा सरकारी सेवामा प्रवेश गरेका थिए । सेवाकै क्रममा उनले सिन्धुपाल्चोकको अन्तरबुङसहित विभिन्न तामाङ बस्तीहरूको भ्रमण तथा अध्ययन गरे ।

सोही अध्ययनका आधारमा उनले तामाङ समुदायको इतिहास, संस्कृति र जीवनशैलीलाई समेटेर २०४० सालमा 'उठानदेखि बैठानसम्मः तामाङ जाति एक परिचय' पुस्तक प्रकाशन गरे । यसबाहेक उनका 'विस्मृतिका टाउका हरू' (२०५४), 'मेरा भूतकालीन वकपत्र हरू' (कविता, २०५५), 'यम्बुला क्याप्सुङ छे' (खण्डकाव्य, २०५७) तथा 'संक्षिप्त बुद्ध महिमा' (खण्डकाव्य, भाग-१, २०६१) लगायत कृति प्रकाशित छन् ।

तामाङ वाङ्मयमा विशिष्ट योगदान पुऱ्याएका उनले 'लास्सो पुरस्कार' लगायत विभिन्न पुरस्कार र सम्मान पाएका थिए । मोक्तानले त्रिवेणी साहित्य समाज, नेपाल तामाङ बुद्धिष्ट एसोसिएसन, बुद्धिष्ट समाज, नेपाल तामाङ घेदुङ तथा विश्व शान्ति गुम्बा निर्माण समितिलगायत विभिन्न संस्थामा आबद्ध रही नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । उनी पछिल्लो समय धर्म, संस्कृति, भाषा, साहित्य र सामाजिक सेवामा सक्रिय रहँदै आएका थिए ।

# मुस्ताङबाट २२ हजार केजी फोहोर संकलन

**मुस्ताङ–** जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमले फोहोरमैला व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको छ । जिल्लाको घरपझोङ, वारागुङ मुक्तिक्षेत्र र थासाङ गाउँपालिकामा संकलन भएको फोहोरलाई एक्याप जोमसोमले गत वर्षदेखि व्यवस्थापन गर्न थालेको हो ।

एक्याप प्रमुख राजेश गुप्ताका अनुसार आव २०८२/८३ को साउनदेखि असार अन्तिमसम्म जिल्लाका तीन पालिकामा संकलन गरिएको २२ हजार १८९ केजी नकुहिने विभिन्न प्रकारका फोहोरलाई ट्रकमा ढुवानी गरी जिल्ला बाहिर निकासी गरेको जानकारी दिए । एक्याप प्रमुख गुप्ताकाअनुसार चालु वर्षको १२ महिनामा मुस्ताङमा संकलन भएको फोहोरलाई दुई हजार ५८१ बोरामा राखेर पोखरातर्फ निकासी गरिएको हो ।



एक्याप जोमसोम कार्यालयका अनुसार चालु वर्षको भदौमा ६४४ केजी, कात्तिकमा ८६०, मंसिरमा एक हजार ५५६, पुसमा एक हजार ३५१, फागुनमा एक हजार ८८८, चैतमा दुई हजार ४६२, वैशाखमा दुई हजार २३० र असारमा छपटक गरी १० हजार ६५९ केजी फोहोर पोखरास्थित ग्रिन रोड वेस्ट मेनेजमेन्ट प्रालि प्रशोधन केन्द्रमा पठाइएको हो ।

एक्यापले गत वर्ष मुस्ताङका तीन गाउँपालिकामा संकलित १० हजार १९० केजी फोहोर जिल्ला बाहिर निकासी गरेको थियो । गत वर्षको तुलनामा चालु वर्ष (११७.७५) प्रतिशत बढी फोहोर मुस्ताङबाट निकासी भएको एक्याप प्रमुख गुप्तको भनाइ छ ।

एक्यापले धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङका तीन पालिकामा चालु वर्ष चारवटा फोहोर संकलन केन्द्र पूर्वाधार निर्माण गरेको छ । जसमध्ये एक फोहोर संकलन केन्द्रलाई अर्को स्थानमा स्थान्तरण गरिएको छ । गत वर्ष एक्यापले मुस्ताङका पर्यटकीय चहलपहल हुने क्षेत्रमा आठवटा फोहोर संकलन केन्द्र निर्माण गरेको थियो ।

कार्यालय प्रमुख राजेश गुप्तले मुस्ताङमा पर्यटकको आगमन संख्या बर्सेनि वृद्धि भइरहेकाले सोहीअनुसार फोहोर संकलनको मात्रा बढ्दै गइरहेको उल्लेख गरे । मुस्ताङ भित्रिने पर्यटक तथा स्थानीयबाट उत्पादन हुने नकुहिने फोहोरलाई पोखरास्थित प्रशोधन केन्द्रमा पठाउने गरिएको छ । यहाँका विभिन्न संकलन केन्द्रमा जम्मा हुने नकुहिने फोहोरको वर्गीकरण गरी संकलन हुन नसक्दा आंशिक समस्या परेको एक्याप प्रमुख गुप्तको भनाइ छ । जिल्लामा समुदायस्तरका आमा समूह, गाउँसमाज र संरक्षण क्षेत्र व्यवस्थापन समितिलगायतले मासिकरूपमा सरसफाइ गरी फोहोर संकलन गर्ने गरेको भए पनि टिन/क्यान, सिसाजन्य र प्लास्टिकका फोहोर छुट्टाछुट्टै संकलन नहुँदा समस्या परेको उनले बताए ।

जिल्लामा दुई वर्षअघि यहाँका पर्यटन व्यवसायी र समुदायले यहाँ उत्पादन हुने नकुहिने फोहोर खाल्डो खनी विर्सजन गरेकामा गत वर्षदेखि एक्याप कार्यालयको खर्चमा संकलित जिल्ला बाहिर निकासी गर्न थालिएको हो । जिल्लालाई स्वच्छ, सफा र वातावरणमैत्री तुल्याउन आगामी वर्षहरूमा थप संकलन केन्द्र निर्माण गर्दै जाने नीति लिइएको छ ।

जलवायु संकट न्यूनीकरण गर्न एक्यापले मुस्ताङमा लक्षित वर्गहरूलाई इण्डक्सन चुलो र विभिन्न उपकरण वितरण गर्दै आइरहेको छ भने फोहोरबाट हुने प्रदूषणले मानव स्वाथ्यमा पुऱ्याउन सक्ने असरका विषयमासमेत विभिन्न स्थानमा साइन पोस्टिङ गर्नेलगायतका काम गर्दै आइरहेको जनाएको छ । *रासस*

# यौनिक तथा अल्पसंख्यक समुदायको गुनासो

**नेपालगञ्ज (प्रस)–** महिला र पुरुष समलिंगीलगायतका यौनिक तथा अल्पसंख्यक समुदायको आफ्नो पहिचान खुले पनि संवैधानिक अधिकारबाट वञ्चित भएको गुनासो गरेका छन् ।

यौनिक तथा लैंगिक अल्पसंख्यकको महासंघले पश्चिम तारा नेपालको समन्वयमा बुधबार यहाँ आयोजना गरेको यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय, कानुनी अधिकार र सञ्चारकर्मीको भूमिका विषयक कार्यक्रममा उनीहरूले गएका निर्वाचनमा मताधिकार नपाउँदा भोगेको पीडा सुनाए ।

ती समुदायका व्यक्ति समाजमा महिला र पुरुषभन्दा फरक हुने गरेको उल्लेख गर्दै उनीहरूको सामाजिक तथा राजनीतिमा अर्थपूर्ण सहभागिता आवश्यक भएको उनीहरूले बताए । प्राइड परियोजनाकी अधिकृत मलिना न्यौपानेले महिला समलिंगी, पुरुष समलिंगीलगायतका यौनिक तथा अल्पसंख्यक समुदायको नागरिकतामा कानुनी चुनौती रहेको जानकारी दिँदै उनीहरूको मताधिकार प्रयोग गर्न निर्वाचन आयोगलाई समावेशी र सहभागितामूलक कानुन निर्माण गर्न आग्रह गरिन् । उनले यौनिक तथा अल्पसंख्यक समुदाय नेपालमा करिब दुई हजार ९२८ जनाको पहिचान भएको र २०० जनालेमात्रै लैंगिक पहिचान पाएको जानकारी दिइन् ।

पश्चिम तारा नेपालकी परिना चौधरीले समाजमा यस समुदायप्रतिको लाञ्छना र विभेद जारी रहेको उल्लेख गर्दै बाँकेमा करिब ८५० जना यौनिक तथा अल्पसंख्यक समुदाय रहेको बताइन् । यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको महासंघकी सिमरन शेरचन 'सिहर'ले समाजमा बालक र बालिकाबाहेक पनि अन्तरलिंगी बच्चाको जन्म हुने जानकारी दिँदै उनले यस समुदायलाई समाजले अहिले पनि विभेद र लाञ्छनाको आक्षेप लगाइरहेको बताइन् ।

# पहिरो र नदी कटान रोक्न दग्नाममा बस्ती संरक्षण योजना

**म्याग्दी–** म्याग्दीको रघुगंगा गाउँपालिका-४ दग्नाममा बस्ती संरक्षण योजना निर्माण भएको छ । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखरामार्फत दग्नामको बस्तीलाई जोखिम बनाएको पहिरो र नदी कटान नियन्त्रण गरिएको हो ।

संघीय सरकारले विनियोजन गरेको तीन करोड रूपैयाँ बजेटबाट दग्नाम गाउँको फेदी, कान्छीगाउँको फेदी पानाकोट र कुम्माखोलाको किनारमा तटबन्ध निर्माण भएको रघुगंगा गाउँपालिका-४ का वडाध्यक्ष पविन गर्बुजाले बताए । 'भिरालो पाखामा रहेको दग्नाम गाउँ पहिरो र कम्माखोलाको कटान जोखिममा परेको थियो,' उनले भने, 'ग्याबियन पर्खाल र तटबन्ध गरेपछि पहिरो, बाढी र कटानको जोखिम घटेको छ ।'

एक सयभन्दा बढी घरपरिवारको बसोबास रहेको दग्नामका बासिन्दाले योजना निर्माणपछि सुरक्षित महसुस गरेका वडाध्यक्ष गर्बुजाले बताए । रघुगंगा गाउँपालिकाको केन्द्र मौवाफाँटदेखि दग्नाम हुँदै दर्मीजा, चिमखोला, कुइनेमंगले जोड्ने सडकलाई पनि सुरक्षित बनाएको छ । उक्त योजना निर्माणका लागि दुई करोड २५ लाख ६९ हजार रूपैयाँमा हिमालयन कन्ट्रक्सन/ताण्डपेश्वर/हिमालयन बिल्डर्स जेभीले २०८२ साल फागुन २९ गते ठेक्का सम्झौता गरेको थियो ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका इञ्जिनियर नरजंग गुरुङले योजनामार्फत तीन हजार ७५३ घनमिटर ग्याबियन पर्खाल निर्माण गर्ने काम सम्पन्न भएको जानकारी दिए । यही असार १९ गतेसम्मको ठेक्काको म्याद रहेको आयोजना निर्धारित समयअगावै सम्पन्न भएको उनले बताए ।

निर्माण कम्पनीका प्रतिनिधि रवीन्द्र कार्कीले इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुद सम्झौतालगत्तै निर्माण सामग्री व्यवस्थापन, मजदुर र उपकरण परिचालन गरेर निर्धारित समयअघि नै योजना सम्पन्न गरी जिम्मेवारी पूरा गरेको बताए । स्थानीय जनप्रतिनिधि र समुदाय, आयोजना कार्यालयले सहजीकरण र समन्वय गरेकाले समयमै योजना सम्पन्न गर्न सफल भएको उनले बताए ।

त्यसैगरी, संघीय सरकारको दुई करोड ३९ लाख रूपैयाँ लगानीमा रघुगंगा गाउँपालिकाको केन्द्र मौवाफाँटदेखि दग्नाम-दर्मीजा-चिमखोला-घ्यासीखर्क जोड्ने सडकको औरी, बुग्ल र दग्नाम खण्डमा ९०० मिटर ढलान गरेर पक्की बनाइएको छ । दग्नाम, दर्मीजा, चिमखोला, घ्याँसीखर्क, मंगलेखानी, चौरखानी र पाल्लेखर्क गाउँका बासिन्दा लाभान्वित भएका वडाध्यक्ष गर्बुजाले बताए । *रासस*


**साउदीमा रोजगार** कम्पनी : HOME NEED FACTORIES COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/२४ | LT. No. 344498 | चलानी नं. ६०२५७८६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 2 | 0 | 1000 | ४०,८१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ३२ गते (16th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९०४/०६७/०६८

DECENT EMPLOYMENT PVT. LTD.
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104, Contact Person Dhurba Thapa ( 9802360733)
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np



**मलेसियामा रोजगार** कम्पनी : ONE HOTPOT RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/०३/२४ | LT. No. 344626 | चलानी नं. ६०२५७८५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew (Male) | 3 | 0 | 1700 | ६३,४५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३२ गते (16th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


AL HAYA | श्रम इजाजत नं. १०९३/०७३/०७४

Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com



**ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!**
**शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: SCHOTT GLASS SDN BHD
कम्पनी : स्कट ग्लास एसडिएन बिएचडि

Pre Approval Date : 2026-02-26 | Post Approval Date : 2026-07-08 | LT. No. 339748 | Invoice No. 60253007
पूर्व स्वीकृति मिति : २०८२/११/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२४ | एल टि न. ३३९७४८ | चलानी नं. ६०२५३००७

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | प्रडक्सन अपरेटर फर फ्याक्ट्री Production Operator for factory | १३ 13 | १३ 13 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १७०० 1700 | ६३,७३५ 63,735 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

The final interview will be conducted in the office on 17/18/19th Jul. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १/२/३ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा यस प्रा.लि.मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to Himalayan H. R. Nepal Pvt. Ltd. to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने रोजगारदाताले ब्यहोर्ने
who will bear the Service Fee By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Himalayan Human Resources Nepal Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

श्रम ईजाजत नं. ४५१/०६०/६१

HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.
Basundhara Chowk-8,Tokha, Kathmandu, Nepal, Tel: 01-4354342, Laxmi Gautam 9849094315
E-mail : hrnhimalayan@gmail.com, Web: www.hrnhimalayan.com

प्रभाव दैनिक




**'तीन तिघ्रे क्या बिग्रे' मा भित्रिए प्रभात**

पछिल्लो समय कमेडियन एकपछि अर्को गर्दै फिल्म डेब्यु गर्ने क्रम बढ्न थालेको छ। यस्तैमा चर्चित कमेडियन प्रभात लामा पनि फिल्मको हिरो बन्ने भएका छन्। प्रभात फिल्म 'तीन तिघ्रे क्या बिग्रे' बाट हिरोको रूपमा देखिने भएका हुन्। फिल्मको मुख्य भूमिकामा उनी हालै अनुबन्धित भएका हुन्। फिल्म अभिनयलाई लिएर प्रभात उत्साहित रहेका छन्। रघुजी फिल्मस्को ब्यानरमा निर्माण हुने फिल्म 'तीन तिघ्रे क्या बिग्रे' केही अगाडि सूर्यविनायक गणेश मन्दिरमा स्क्रिप्ट पूजा गर्दै निर्माणको घोषणा गरिएको हो। अमरदीप सापकोटाको लेखन एवं निर्देशन रहने फिल्म असार महिनाको अन्तिमबाट छायांकनमा जानेछ।



बिहीबार, २५ असार २०८३ (Thursday, 9 July 2026)

# चर्चामा 'गौंथली', मदनकृष्णदेखि अरूणसम्मको अभिनयले दर्शक मन्त्रमुग्ध

■ प्रभाव संवाददाता

**काठमाडौं–** साउन १ गतेबाट प्रदर्शनको तयारीमा रहेको चलचित्र 'गौंथली' विस्तारै प्रतिक्षित बन्दै गएको छ। टिजर र ट्रेलरले हाइप बढाउँदै जाँदा सिनेमा प्रतिक्षित बन्दै गएको हो। चार दिनअघि सार्वजनिक गरिएको ट्रेलर युट्युबको ट्रेन्डिङमा पर्नुले सिनेमा हेर्न दर्शक प्रतिक्षित रहेको देखाउँछ। अहिले सिनेमाको ट्रेलर नेपालमा सिनेमातर्फको ट्रेन्डिङ चार्टको दोस्रो स्थानमा रहेको छ।

यो चलचित्रको बजारमा बढ्दो हाइप र ट्रेलरमा देखिएको भावनात्मक गहिराइले 'गौंथली' साउन १ गतेदेखि बक्स अफिसमा राम्रो व्यापार गर्ने संकेत देखाएको छ।

ट्रेलर हेरेर यस चलचित्रलाई दर्शकले व्यापारिक सफलताको शुभकामना दिइरहेका छन्। युट्युबमा ट्रेलर हेरेर अकेन्द्र ठकुरी लेख्छन्, "यो चलचित्रले पूर्णबहादुरको साराङ्गीको रेकर्ड तोड्नुपर्छ।" पूर्णबहादुरको साराङ्गी नेपाली सिनेमा उद्योगमा हालसम्मकै सबैभन्दा धेरै पैसा कमाउने चलचित्र हो। 'नेपाली फिल्म भनेको त यस्तो पो हुनुपर्छ मनै छुने। ट्रेलरमै अग्रिम शुभकामना फिल्म सुपरहिट होस्,' ट्रेलर हेरेपछि अकेन्द्र नामक फेसबुक प्रोफाइलबाट युट्युबमा कमेन्ट गर्छन्।

यो चलचित्रमा अटिजम भएको युवकको भूमिकामा रहेका अरुण क्षेत्री र उनको अपोजिटमा रहेकी सिम्रन खड्को अभिनयको धेरै तारिफ भइरहेको छ।



यससँगै उनीहरूले प्रचारका क्रममा गरेको मेहनतलाई दर्शकले तारिफ गरिरहेका छन्। अञ्जु थापालाई ट्रेलरले नै रुवायो। उनी लेख्छिन्, 'ट्रेलरले नै रुवायो, पूरा सिनेमाले त के गर्ला ?'

ट्रेलरमा विशेषगरी अरुणको अवोधपन र सिम्रनले बिना कारण भोगिरहेको दुःखले दर्शकको मन जितिरहेको छ।

छवि ओलीलाई पनि यसको सम्बेदनाले मन छोएको छ। "चलचित्र पुरै त हेर्न सकिन्न होला, हलमै आँसुले बगाएर। सशक्त अभिनय, उस्तै सम्बाद र भावले हरपल हृदय रसाएर। सानो अंश हेर्दै त आङ जिरिङ भयो हर शब्द सम्बादले," उनले लेखेका छन्। कलाकारको अवोधपन र इमोस्नल पक्षले दर्शकको ध्यान तानिरहेको छ। यही नै चलचित्र 'गौंथली'को सबल पक्ष हो।

अटिजमबाट पीडित युवकसँग भर्खरै विवाह गरेकी दुलहीले झेलिरहेको समस्या, उनले पढ्नका लागि गरेको संघर्ष, परम्परागत मान्यता र विश्वासमा अडिरहेको सोच र त्यसले भत्काइरहेको सुन्दर सपनाको प्रस्तुतिलाई दर्शकले मन पराइहेका छन्।

'गौंथली'लाई डा. कपिल रिजालले निर्देशन गरेका हुन्। चलचित्रमा अरुण र सिम्रनसँगै मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सन्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिना र राजेन्द्र नेपालीको अभिनय रहेको छ। बाल कलाकारका रूपमा अंशु ओली र प्रिन्स नेपालीले अभिनय गरेका छन्।

डा. भोला रिजालको कथा रहेको चलचित्रको पटकथा तथा संवाद लेखनमा निर्देशक डा. कपिलसँगै निश्चल कुँवर, निरज नेपाल र गिरिराज घिमिरेले सहकार्य गरेका छन्।

भोला रिजाल प्रोडक्सन र सुमन गिरी प्रोडक्सनको प्रस्तुतिमा बनेको यस चलचित्रको कार्यकारी निर्माता सरला रिजाल छिन्। निर्माताको रूपमा सुमन गिरी र डा. कपिल रिजाल छन्। इन्दु गिरी, मनिष रिजाल, प्रलय रिजाल र जीवन ओली सह-निर्माताको रूपमा रहेका छन्।

शम्भुजीत बासकोटा, थानेश्वर गौतम र प्रशान्त सिवाकोटीको संगीत रहेको यस चलचित्रमा पार्श्व संगीत एलिस कार्कीको छ। चलचित्रलाई हरि हुमागाईंले खिचेका छन्। मिलन श्रेष्ठले सम्पादन गरेका छन्। गिरिराज घिमिरे मुख्य सहायक निर्देशक रहेको यस चलचित्रमा आर्यन अधिकारी र बुद्धि नेपाली सहायक निर्देशक, मुकेश शाहको ध्वनि मिश्रण, राजेन्द्र मोक्तानको रङ संयोजन, रामजी लामिछाने र मौसम हिमालीको कोरियोग्राफी रहेको छ।

यो चलचित्रलाई रिच इन्टरटेनमेन्ट, एप्पल इन्टरटेनमेन्ट, र एफ.डी. कम्पनीले वितरण गर्ने छन्। डिजिटल पार्टनर 'ओएसआर डिजिटल' रहेको छ।

'गौंथली' नाममा डा. भोला रिजालले दुई दशकअघि चलचित्र निर्माण गरेका थिए। उक्त चलचित्रलाई नेपालको पहिलो 'गीति फिल्म' (म्युजिकल फिल्म) मानिन्छ। 'गौंथली'ले प्रदर्शनको ५१औं दिन मनाएको थियो। अहिले सोही नाममा डा. भोला रिजालका छोरा तथा निर्देशक डा. कपिल रिजालले नयाँ चलचित्र 'गौंथली' निर्देशन गरेका हुन्।

# 'काली बूढी'लाई 'दुर्गादेवी-पुण्य निरौला स्मृति पुरस्कार' दिइने



■ प्रभाव संवाददाता

**काठमाडौं** – पछिल्लो समय कमेडियन एकपछि अर्को गर्दै फिल्म डेब्यु गर्ने क्रम बढ्न थालेको छ। यस्तैमा चर्चित कमेडियन प्रभात लामा पनि फिल्मको हिरो बन्ने भएका छन्। प्रभात फिल्म 'तीन तिघ्रे क्या बिग्रे' बाट हिरोको रूपमा देखिने भएका हुन्।

फिल्मको मुख्य भूमिकामा उनी हालै अनुबन्धित भएका हुन्। फिल्म अभिनयलाई लिएर प्रभात उत्साहित रहेका छन्। रघुजी फिल्मस्को ब्यानरमा निर्माण हुने फिल्म 'तीन तिघ्रे क्या बिग्रे' केही अगाडि सूर्यविनायक गणेश मन्दिरमा स्क्रिप्ट पूजा गर्दै निर्माणको घोषणा गरिएको हो। अमरदीप सापकोटाको लेखन एवं निर्देशन रहने फिल्म असार महिनाको अन्तिमबाट छायाङ्कनमा जानेछ।

फिल्ममा चर्चित गायक पशुपति शर्मा र गायिका अन्जु पन्तकी छोरी परितोषिका पन्त समेत मुख्य भूमिकाको लागि फाइनल भएकी छन्। यी दुवै कमेडी जनरामा निर्माण हुने यस फिल्म पूर्ण मनोरञ्जनात्मक प्याकेजका रूपमा दर्शकमाझ प्रस्तुत हुने निर्देशक सापकोटाले बताए।

निर्माता रघुनाथ सापकोटा रहेको फिल्म नेपाल वितरणको जिम्मेवारी आरआर फिल्मस्ले लिएको छ।






# क्वाटरफाइनलको समीकरण पूरा

## सेमिफाइनल प्रवेशका लागि को-को भिड्दै छन् ?

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिफा विश्वकप २०२६ को क्वाटरफाइनल समीकरण पूरा भएको छ। बुधबार बिहान कोलम्बियालाई पेनाल्टी सुटआउटमा ४-३ ले हराउँदै स्वीटरल्याण्ड ७२ वर्षपछि पहिलोपटक क्वाटरफाइनल प्रवेश गर्दै अर्जेन्टिनासँगको भेट पक्का गर्दै यो चरण पूरा भएको हो।

प्रतियोगिताको यस चरणसम्म आइपुग्दा पूर्वविश्व विजेताहरू ब्राजिल, जर्मनी, उरुग्वेलगायतका टोलिहरू प्रतियोगिताबाट बाहिरिएका छन्। त्यस्तै स्टार खेलाडी क्रिस्टियानो रोनाल्डोको टोली




पनि प्रतियोगिताबाट बाहिरिइसकेको छ।

क्वाटरफाइनलमा पुगेका ८ टिममा फ्रान्स, मोरक्को, इंग्ल्याण्ड, नर्वे, स्पेन, बेल्जियम, अर्जेन्टिना र स्वीटरल्याण्ड छन्।

यी टिमहरूले सेमिफाइनल प्रवेशका लागि शुक्रबारदेखि हुने भएका छन्। पहिलो क्वाटरफाइनलमा उपाधिकै प्रमुख दाबेदार र उत्कृष्ट लयमा रहेको फ्रान्सले मोरक्कोको सामना गर्नेछ भने दोस्रो क्वाटरफाइनलमा इंग्ल्याण्डले नर्वेको सामना गर्ने भएको छ। त्यस्तै तेस्रोमा पूर्वविश्वविजेता स्पेनले नर्वेको सामना गर्ने भएको छ भने अन्तिम क्वाटरफाइनलमा डिफेन्डिङ च्याम्पियन अर्जेन्टिनाले स्वीटरल्याण्डको सामना गर्ने भएको छ।

**प्रदेशस्तरीय मेयर कप भलिबल प्रतियोगिता**

# ललितपुरका दुवै टोली विजयी

**काठमाडौं (प्रस)–** ललितपुर महानगरपालिकाको सहयोग तथा जावलाखेल भलिबल प्रशिक्षण केन्द्रको आयोजनामा भइरहेको बागमती प्रदेशस्तरीय महिला तथा पुरुष मेयर कप भलिबल प्रतियोगिता अन्तर्गत बुधबार दोस्रो दिन ६ खेल सम्पन्न भएका छन्। जावलाखेलस्थित भलिबल प्रशिक्षण केन्द्रमा महिलातर्फ दुई तथा पुरुषतर्फ चार खेल खेलिएका हुन्।

महिलातर्फ दिनको पहिलो खेलमा ललितपुर महानगरपालिकाले धुलिखेल नगरपालिकालाई ३-० को सोझो सेटमा पराजित गर्‍यो। ललितपुरले खेल २५-६, २५-१४ र २५-८ ले आफ्नो पक्षमा पार्दै सहज जित दर्ता गर्‍यो।

दोस्रो खेलमा काठमाडौं महानगरपालिकाले बेथानचोक गाउँपालिकालाई ३-१ को सेटमा हरायो। काठमाडौंले पहिलो सेट २५-१८ र दोस्रो सेट २६-२४ ले जितेको थियो। तेस्रो सेट २६-२४ ले बेथानचोकको पक्षमा गए पनि काठमाडौंले चौथो सेट २५-२२ ले जित्दै खेल आफ्नो पक्षमा पार्‍यो।

पुरुषतर्फ ललितपुरले लगातार दोस्रो जित दर्ता गरेको छ। पहिलो खेलमा मेलुङ गाउँपालिकालाई हराएको ललितपुरले दोस्रो खेलमा गल्छी गाउँपालिकालाई ३-० को सोझो सेटमा पराजित गर्‍यो। ललितपुरले खेल २५-१०, २५-६ र २५-७ ले आफ्नो पक्षमा पार्‍यो। अर्को खेलमा माडी नगरपालिकाले बुढानीलकण्ठ नगरपालिकालाई ३-२ को प्रतिस्पर्धात्मक सेटमा हरायो।

माडीले पहिलो सेट २५-२० ले जितेको थियो भने दोस्रो सेट २६-२४ ले गुमायो। तेस्रो सेट २५-१९ ले आफ्नो पक्षमा पारेको माडीले चौथो सेट २६-२४ ले गुमाएपछि खेल पाँचौं सेटमा पुगेको थियो। निर्णायक पाँचौं सेटमा भने माडी १५-६ ले विजयी बन्यो।

यस्तै, मेलुङ गाउँपालिकाले महालक्ष्मी नगरपालिकालाई ३-१ को सेटमा पराजित गर्‍यो। मेलुङले पहिलो सेट २५-२० ले जिते पनि दोस्रो सेट २५-२३ ले गुमाएको थियो। त्यसपछि तेस्रो सेट २७-२५ र चौथो सेट २५-१५ ले आफ्नो पक्षमा पार्दै जित सुनिश्चित गर्‍यो। दिनको अन्तिम खेलमा महांकाल गाउँपालिकाले थाहा नगरपालिकालाई ३-१ को सेटमा हरायो।

# तिब्बतबाट फर्किएका टोखा भगवती क्लबका खेलाडीको स्वागत



■ प्रभाव संवाददाता

**काठमाडौं** – चीनको तिब्बत (शिजाङ) को शाननमा आयोजित तेस्रो 'पोमेग्रानेट कप-२०२६' अन्तर्राष्ट्रिय ग्रासल्याण्ड फुटबल आमन्त्रण प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्दै उपविजेता बनेर स्वदेश फर्किएको टोखा भगवती क्लबका खेलाडी तथा पदाधिकारीहरूको त्रिभुवन अन्तर र्‍ाष्ट्रिय विमानस्थलदेखि टोखासम्म भव्य स्वागत गरिएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका खेलाडीहरूलाई धीमे बाजा, फूलमाला तथा उत्साहपूर्ण नारासहित स्वागत गरिएको थियो। स्वागत कार्यक्रममा विद्यालयका विद्यार्थीहरूले नेपाली संस्कृति झल्किने धीमे बाजा प्रस्तुत गर्दै खेलाडीहरूको सम्मान गरेका थिए।

विमानस्थलमा क्लबका सयौं सदस्य, शुभेच्छुक तथा स्थानीय खेलप्रेमीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। स्वागत कार्यक्रममा क्लबकी पूर्वअध्यक्ष इन्द्रराज जोशी, अखिल नेपाल फुटबल संघ (एन्फा) का अधिकारी मनीष जोशी, तत्कालीन २०५४ सालका टोखा गाविस अध्यक्ष बाबुलाल डंगोल, क्लबका पूर्वअध्यक्ष प्रकाश डंगोल, मंगल कर्माचार्य, क्लबका कोषाध्यक्ष बालकृष्ण श्रेष्ठलगायतको उपस्थिति रहेको थियो। त्यसैगरी, टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारी, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा अन्य जनप्रतिनिधिहरू पनि स्वागत कार्यक्रममा सहभागी भएका थिए। टोखा नगरपालिकाका वडा नं. ३ का अध्यक्ष रमेश डंगोलले क्लबका खेलाडीहरूलाई बधाई दिँदै विदेशी भूमिमा नेपालको प्रतिनिधित्व गर्दै राष्ट्रको गौरव बढाएकोमा प्रशंसा व्यक्त गरे। उनले क्लबको आगामी यात्राका लागि शुभकामना दिँदै नगरपालिकाको तर्फबाट आवश्यक सहयोग र निरन्तर हौसला रहने प्रतिबद्धता समेत व्यक्त गरे।

टोखा भगवती क्लबले प्रतियोगितामा उपाधि जित्न नसके पनि फाइनलसम्मको गौरवपूर्ण यात्रा तय गर्दै नेपालको फुटबललाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउन महत्वपूर्ण भूमिका खेलेको छ। टोलीको उत्कृष्ट प्रदर्शनप्रति स्थानीयवासी, खेलप्रेमी तथा शुभेच्छुकहरूले गर्व व्यक्त गर्दै खेलाडीहरूको मनोबल उच्च राख्न भव्य स्वागत गरेका हुन्।

स्वागत समारोहले खेलकुदप्रति टोखावासीको आत्मीयता, एकता र खेलाडीप्रतिको सम्मानलाई थप उजागर गरेको छ।

विदेशी भूमिमा नेपालको झण्डा फहराउँदै सम्मानजनक प्रदर्शन गर्ने टोखा श्री भगवती क्लबका खेलाडीहरूको यो उपलब्धिलाई सम्पूर्ण टोखावासीले गर्वका साथ उत्सवका रूपमा मनाएका छन्।



उत्तरी चीनको हेबेई प्रान्तको सियोङआन नयाँ क्षेत्रस्थित बैयाङडियन तालमा रहेको 'लोटस पार्क'को ड्रोनबाट लिइएको दृश्य ।

*तस्बिरः सिन्ह्वा*

# भाइरल पोस्टबाट भारतमा विद्यार्थी असन्तुष्ट

**नयाँदिल्ली–** भारतका प्रधानन्यायाधीशले सरकारको आलोचना गर्ने युवाहरूलाई 'कक्रोच' र 'परजीवी' सँग तुलना गरेको भनिएको टिप्पणीपछि सामाजिक सञ्जालमा गरिएको एउटा व्यंग्यात्मक पोस्टले अहिले विद्यार्थी असन्तुष्टि र विरोध आन्दोलनको रूप लिएको छ । इञ्जिनियरिङ स्नातक अभिजीत डिप्केले गरेको उक्त पोस्ट केही घण्टामै भाइरल भएपछि लाखौं युवाको समर्थन जुटेको छ भने आन्दोलन सामाजिक सञ्जालबाट सडकसम्म पुगेको छ ।

संयुक्त राज्य अमेरिकामा रोजगारी खोजिरहेका ३० वर्षीय डिप्केले प्रधानन्यायाधीश सूर्य कान्तको टिप्पणीबाट आफू स्तब्ध भएको बताए । प्रधानन्यायाधीशले भने आफ्नो भनाइ सन्दर्भबाहिर प्रस्तुत गरिएको दाबी गरेका थिए । तीव्र आर्थिक वृद्धि भए पनि भारतमा लाखौं युवा स्थायी र राम्रो आम्दानी हुने रोजगारीबाट वञ्चित रहेको अवस्थाले असन्तुष्टि बढाएको डिप्केको भनाइ छ ।

उनले मे महिनामा एक्समा व्यंग्यात्मकरूपमा 'यदि सबै कक्रोचहरू एकजुट भए भने के होला ?' भन्ने पोस्ट गरेका थिए । त्यसपछि उनले सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) को नामसँग मिल्ने गरी कक्रोच जनता पार्टी (सिजेपी) नामक व्यंग्यात्मक अभियान सुरु गरे । अभियान सुरु भएको दुई घण्टामै करिब पाँच हजार जनाले दर्ता गरेका थिए भने २४ घण्टाभित्र ३० हजारभन्दा बढी सहभागी भएका थिए ।

अहिले सिजेपीको इन्स्टाग्राम खातामा दुई करोड २० लाखभन्दा बढी फलोअर्स पुगेका छन् । यो संख्या भाजपाको एक करोड ३० लाख फलोअर्सभन्दा बढी हो । डिप्केका अनुसार यसले भारतका युवाहरू विद्यमान राजनीतिक दलहरूप्रति गहिरो असन्तुष्ट रहेको स्पष्ट सन्देश दिएको छ । विशेषगरी २० वर्ष आसपासका



जेन-जेड विद्यार्थीहरूले अभियानलाई तीव्ररूपमा अघि बढाएका छन् । उनीहरूले आफ्ना समस्या कुनै पनि राजनीतिक दलले नसुनेको गुनासो गर्दै आएका छन् ।

अनलाइन अभियान विस्तारै सडक आन्दोलनमा परिणत भएको छ । सिजेपीले विभिन्न सहरमा प्रदर्शन गरिरहेको छ भने संयुक्त राज्य अमेरिकाबाट जुन ६ मा फर्किएका डिप्केले गत महिना नयाँदिल्लीको जन्तर मन्तरमा दोस्रो चरणको आन्दोलन सुरु गरेका थिए । यो अझै जारी छ ।

आन्दोलनको मुख्य माग शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा हो । आन्दोलनकारीहरूले शिक्षा प्रणालीमा कमजोरी, विशेषगरी मेडिकल प्रवेश परीक्षामा पटक-पटक देखिएको प्रश्नपत्र चुहावट र अनियमितताप्रति सरकार जिम्मेवार रहेको आरोप लगाएका छन् । यिनै घटनाले आन्दोलनलाई थप बल दिएको उनीहरूको भनाइ छ ।

दिल्ली विश्वविद्यालयकी २५ वर्षीया छात्रा अञ्जलीले सामाजिक सञ्जालमा सुरु भएको व्यंग्य अहिले युवाको दीर्घकालीन आक्रोशको अभिव्यक्तिमा परिणत भएको बताए । उनका अनुसार पछिल्लो एक दशकदेखि युवामा बढ्दै गएको निराशा अहिले खुलारूपमा बाहिर आएको हो ।

प्रख्यात जलवायु अभियन्ता सोनम वाङचुक पनि जुन २८ देखि अनशनसहित आन्दोलनमा सहभागी भएका छन् । उनले विश्वको सबैभन्दा ठूलो लोकतन्त्र भएको दाबी गर्ने सरकार नागरिकको आवाजप्रति संवेदनशील र उत्तरदायी हुनुपर्ने बताए ।

यसअघि विपक्षी आम आदमी पार्टीका सञ्चार रणनीतिकारका रूपमा काम गरिसकेका डिप्केले भने आन्दोलनलाई राजनीतिक दलमा रूपान्तरण गर्ने आफ्नो योजना नरहेको स्पष्ट पारेका छन् । उनका अनुसार अहिलेको उद्देश्य विद्यार्थीको असन्तुष्टि, परीक्षा प्रणालीमा देखिएका अनियमितता र संस्थाप्रतिको बढ्दो अविश्वासलाई उजागर गर्नु हो । भारतमा समाधान गर्नुपर्ने यस्ता धेरै समस्या अझै बाँकी रहेको उनको भनाइ छ । *रासस/एएफपी*

# चीनमा बाढी र पहिरोको कहर

**बेइजिङ–** चीनका विभिन्न क्षेत्रमा आएको भीषण वर्षा, बाढी, आँधीबेहरी र पहिरोका कारण कम्तीमा ३८ जनाको मृत्यु भएको छ भने उद्धारकर्मीहरूले अझै प्रभावित क्षेत्रमा बेपत्ताको खोजी जारी राखेका छन् । अधिकारीहरूले आगामी दिनमा पनि वर्षा जारी रहने चेतावनी दिँदै जलाशय, नदी र तटबन्ध उच्च जोखिममा रहेको बताएका छन् ।



टाइफुन मेसाकका कारण परेको अविरल वर्षापछि दक्षिणी गुआङ्सी क्षेत्रमा कम्तीमा छ जनाको मृत्यु भएको छ भने एक लाख ३० हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । क्षेत्रीय अधिकारीहरूले गुआङ्सी र छिमेकी गुआङ्डोङ प्रान्तमा थप वर्षा हुने पूर्वानुमान सार्वजनिक गरेका छन् ।

राज्य सञ्चारमाध्यमका अनुसार तीव्र बाढीले गुआङ्सीका ४० वटा नदी तथा जलमार्गको किनार भत्काएको छ भने करिब १३ हजार एकड कृषि भूमि डुबान र कटानबाट प्रभावित भएको छ । गुआङ्सीस्थित एक जलाशयको बाँध फुटेपछि उद्धार टोलीहरूले डुंगामार्फत उद्धार अभियान सञ्चालन गरिरहेका छन् । प्रभावित क्षेत्रमा खाद्यान्न, रेनकोट, रबर डुंगालगायत थप राहत सामग्री पठाइएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ ।

राज्य बाढी नियन्त्रण तथा खडेरी राहत मुख्यालयले गुआङ्सीमा बाढी नियन्त्रणको दोस्रो उच्च तहको आपत्कालीन सतर्कता कायम राखेको छ । जलस्रोतमन्त्री ली गुओइङका अनुसार वुझोउ जलमापन केन्द्रमा नदीको सतह चेतावनी तहभन्दा छ मिटरभन्दा बढी पुग्ने अनुमान गरिएको छ । लगातारको वर्षा र लामो समयसम्म उच्च बहाव कायम रहँदा जलाशय तथा तटबन्धको सुरक्षाले गम्भीर परीक्षा सामना गरिरहेको उनले बताए ।

यसैबीच मध्य चीनको हुबेई प्रान्तमा आएको आँधीबेहरीका कारण थप ११ जनाको मृत्यु भएको छ भने ३३१ जना घाइते भएका छन् । एक जना अझै बेपत्ता छन् । आँधीले करिब चार हजार ८०० घरमा क्षति पुऱ्याएको छ भने २२ वटा घर पूर्णरूपमा ध्वस्त भएका छन् ।

चिनियाँ राष्ट्रपति सी चिनफिङले उद्धार तथा राहत कार्यमा पूर्णशक्ति परिचालन गर्न निर्देशन दिएको राज्य प्रसारक सिसिटिभीले जनाएको छ । अर्कोतर्फ उत्तरपश्चिमी गान्सु प्रान्तमा मंगलबार बिहान आएको पहिरोमा ज्यान गुमाउनेको संख्या २१ पुगेको छ । डाङचाङ काउन्टीको रेन्काङ गाउँमा गएको पहिरोले ३३ जनालाई पुरेको थियो । स्थानीय अधिकारीहरूका अनुसार खोज तथा उद्धार अभियान सम्पन्न भइसकेको छ भने पहिरोको कारणबारे अनुसन्धान जारी छ । पहिरो प्रभावित क्षेत्रमा पुनर्निर्माणका लागि तीन करोड युआन (करिब ४४ लाख अमेरिकी डलर) बराबरको कोष छुटयाइएको चिनियाँ अधिकारीहरूले जनाएका छन् । *रासस/एएफपी*

# हर्मुज आक्रमणले फेरि चर्कियो मध्यपूर्व तनाव



**दुबई–** स्ट्रेट अफ हर्मुजमा तीनवटा व्यापारिक जहाजमाथि भएको आक्रमणपछि संयुक्त राज्य अमेरिकाले बुधबार बिहान इरानका सैन्य संरचनामाथि हवाई आक्रमण गरेको छ । यससँगै इरानले बहराइन र कुवेतलाई लक्षित गरी मिसाइल प्रहार गरेको देखिएको छ । पछिल्लो घटनाक्रमले युद्धविरामतर्फ अघि बढिरहेको प्रयासलाई गम्भीर धक्का पुऱ्याउँदै मध्यपूर्वलाई पुनः व्यापक द्वन्द्वतर्फ धकेल्ने जोखिम बढाएको छ ।

अमेरिकी सेनाले तेहरानले अन्तर्राष्ट्रिय जलमार्गमा सञ्चालित तीन व्यापारिक जहाजलाई लक्षित बनाएपछि जवाफी कारबाही गरिएको जनाएको छ । आक्रमणसँगै वासिङ्टनले अन्तरिम सम्झौताअन्तर्गत इरानलाई खुला रूपमा कच्चा तेल बिक्री गर्न दिइएको अनुमति पनि रद्द गरेको छ । इरानले भने अमेरिकाको कदमको कडा विरोध गर्दै आफूले आवश्यक ठानेका सबै उपाय अपनाउने चेतावनी दिएको छ ।

अमेरिकी आक्रमणपछि अमेरिकी नौसेनाको पाँचौं फ्लिट रहेको बहराइन तथा अमेरिकी सेनाका महत्त्वपूर्ण सैन्य आधार रहेका कुवेतमा मिसाइल चेतावनी जारी गरिएको थियो । दुवै देशलाई लक्षित गरी इरानबाट प्रहार भएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ ।

यो घटनाक्रम इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको अन्त्येष्टि चलिरहेका बेला भएको हो । फेब्रुअरी २८ मा ८६ वर्षको उमेरमा युद्धको प्रारम्भिक चरणमै मारिएका खामेनीको अन्तिम संस्कार बिहीबार सम्पन्न हुने तालिका छ । अन्त्येष्टिपछि हर्मुज जलघाँटी पूर्णरूपमा पुनः सञ्चालन गर्ने र इरानको विवादित आणविक कार्यक्रमबारे वार्ता अघि बढ्ने अपेक्षा गरिएको थियो । तर पछिल्ला आक्रमणले त्यस्तो सम्भावनामा अनिश्चितता थपेको छ ।

इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर कालिबाफले सामाजिक सञ्जाल एक्समार्फत अमेरिका र उसका सहयोगीमाथि आक्रामक टिप्पणी गर्दै इरान कुनै दबाबमा नझुक्ने बताए ।

अमेरिकी सेनाको सेन्ट्रल कमाण्डका अनुसार आक्रमणमा इरानका हवाई रक्षा प्रणाली, राडार र अर्धसैनिक इस्लामिक क्रान्तिकारी गार्डले प्रयोग गर्ने ६० भन्दा बढी तीव्र गतिको साना डुंगा निशाना बनाइएका छन् । ती डुंगा हर्मुज जलघाँटीमा व्यापारिक जहाजलाई रोक्ने तथा दबाब सिर्जना गर्ने गतिविधिमा संलग्न रहेको अमेरिकी दाबी छ ।

सेन्ट्रल कमाण्डले यो चरणको कारबाही सम्पन्न भएको जनाउँदै आवश्यक परे थप कदम चाल्न अमेरिका तयार रहेको स्पष्ट पारेको छ । इरानले अमेरिकी आक्रमण भएको स्वीकार गरे पनि क्षतिको विवरण सार्वजनिक गरेको छैन । सरकारी सञ्चारमाध्यमका अनुसार बन्दर अब्बास, केशम र सिरिक क्षेत्रमा विष्फोटका आवाज सुनिएका छन् । इरानको केन्द्रीय सैन्य कमाण्डले अमेरिकी कारबाहीलाई आतंकवादी कार्यको संज्ञा दिँदै निर्णायक जवाफ दिने चेतावनी दिएको छ । साथै हर्मुज जलघाँटीको व्यवस्थापनमा कुनै विदेशी हस्तक्षेप स्वीकार नगर्ने अडान दोहोऱ्याएको छ ।

गत महिनाको अन्त्यमा पनि जलघाँटीमा यस्तै प्रकारका आक्रमण र अमेरिकी जवाफी कारबाही भएका थिए । त्यतिबेला पनि बहराइन र कुवेत लक्षित आक्रमण भएको थियो । यसपटकको घटनाक्रम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प नाटो शिखर सम्मेलनका लागि टर्कीमा रहेका बेला भएको हो ।

यसैबीच अमेरिकाले अन्तरिम सम्झौताअन्तर्गत इरानलाई खुला रूपमा तेल निर्यात गर्न दिइएको इजाजतपत्र रद्द गरेको छ । उक्त व्यवस्थाले इरानलाई वर्षौंपछि अन्तर्राष्ट्रिय बजारमा अमेरिकी डलरमा खुला रूपमा तेल बिक्री गर्ने अवसर दिएको थियो । इरानले यसअघि प्रतिबन्ध छल्दै चीनलाई सहुलियत मूल्यमा कच्चा तेल बिक्री गर्दै आएको आरोप लाग्दै आएको छ ।

जहाजमाथिको आक्रमणमा ओमानको तट नजिक यात्रा गरिरहेको एक तेल ट्यांकरमा ठोक्किएपछि आगलागी भएको बेलायतको समुद्री व्यापार सञ्चालन केन्द्रले जनाएको छ । इरानी सरकारी टेलिभिजनले चेतावनी बेवास्ता गरेपछि तरलीकृत प्राकृतिक ग्यास बोकेको अर्को जहाज आक्रमणमा परेको जनाएको भए पनि त्यसको प्रत्यक्ष जिम्मेवारी लिएको छैन ।

अन्य दुई जहाजमा सामान्य क्षति पुगेको भए पनि कुनै मानवीय क्षति नभएको र ती जहाजले आफ्नो यात्रा जारी राखेको बेलायती समुद्री निकायले जनाएको छ । युद्ध सुरु भएयता इरानले हर्मुज जलघाँटीमा कडा नियन्त्रण कायम राख्दै आएको छ । विश्वको करिब पाँचौं भाग कच्चा तेल र प्राकृतिक ग्यास यही समुद्री मार्गबाट ओसारपसार हुने भएकाले त्यहाँको अस्थिरताले विश्व ऊर्जा बजारमा प्रत्यक्ष प्रभाव पार्दै आएको छ । मंगलबार आक्रमणमा परेका जहाजहरूले इरानले तोकेको मार्गको सट्टा ओमानको तटीय मार्ग प्रयोग गरेका थिए ।

तेहरानले हर्मुज हुँदै आफ्नो स्वीकृत मार्गमात्र सुरक्षित रहेको दाबी गर्दै अन्य मार्ग प्रयोग गर्ने जहाजमाथि कारबाही गर्ने चेतावनी पटक-पटक दिँदै आएको छ । कतारका विदेश मन्त्रालयका प्रवक्ता माजेद अल-अन्सारीले कतारी ट्यांकर अल रेकयात माथिको आक्रमणलाई अन्तर्राष्ट्रिय जलयात्रा र विश्व ऊर्जा सुरक्षामाथिको अस्वीकार्य हमला भन्दै त्यसका लागि इरान पूर्णरूपमा जिम्मेवार रहेको बताए ।

इरान र संयुक्त राज्य अमेरिका ६० दिनसम्म जहाजलाई कुनै शुल्कविनै आवतजावत गर्न दिने अन्तरिम सहमतिमा पुगेका थिए । तर इरानले जहाजको मार्ग आफैंले निर्धारण गर्ने र भविष्यमा त्यसका लागि शुल्क लिने प्रस्ताव अघि सारेपछि विवाद चर्किएको हो । अमेरिका र अधिकांश खाडी राष्ट्रहरूले भने हर्मुज जलघाँटी प्रयोग गरेबापत कुनै शुल्क तिर्न नसकिने स्पष्ट पार्दै आएका छन् । *रासस/एपी*

## इरानसँगको युद्धविराम समाप्त भएको ट्रम्पको घोषणा



**अंकारा–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग भएको युद्धविराम अब समाप्त भएको घोषणा गर्दै तेहरानसँग थप कुनै सम्झौता गर्ने इच्छा नरहेको बताएका छन् । अमेरिकी सेनाले इरानमा रातारात व्यापक आक्रमण गरेपछि र त्यसको जवाफमा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य आधारलाई लक्षित गरी आक्रमण गरेको दाबी सार्वजनिक भएका बेला ट्रम्पको यो अभिव्यक्ति आएको हो ।

टर्कीको राजधानी अंकारामा जारी नाटो शिखर सम्मेलनका क्रममा सञ्चारकर्मीसँग कुरा गर्दै ट्रम्पले इरानसँगको युद्धविराम अब आफ्नो दृष्टिमा समाप्त भइसकेको स्पष्ट पारे । उनले इरानी नेतृत्वमाथि कडा टिप्पणी गर्दै तेहरानसँग अब वार्ताको कुनै औचित्य नरहेको धारणा व्यक्त गरे ।

ट्रम्पले इरानसँग थप सम्झौता गर्न चाहना नरहेको बताउँदै तेहरानले आणविक हतियार प्राप्त गरे त्यसको प्रयोग गर्न पछि नपर्ने आरोप पनि लगाए । उनले इरानी नेतृत्वलाई अविश्वसनीय र हिंसात्मक प्रवृत्तिको भएको आरोप लगाउँदै आफू अब उनीहरूसँगको वार्तालाई समयको बर्बादी ठान्ने बताए । उनले आफ्ना विशेष दूत स्टिभ विटकफ र ज्वाइँ जारेड कुसनर इरानसँग सम्पर्कमा रहे पनि वार्ता पुनः सुरु गर्ने कि नगर्ने निर्णय अब तेहरानकै हातमा रहेको उल्लेख गरे ।

ट्रम्पले जुन १७ मा वासिङ्टन र तेहरानबीच भएको युद्धविरामसम्बन्धी सहमतिलाई इरानले पटक-पटक गलत रूपमा प्रस्तुत गरेको आरोपसमेत लगाए । उनका अनुसार दुवै पक्षबीच इरानले आणविक हतियार विकास नगर्ने विषयमा सहमति भए पनि इरानले त्यसलाई सार्वजनिक रूपमा अस्वीकार गर्दै आएको छ ।

ट्रम्पको युद्धविराम समाप्त भएको घोषणापछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य करिब पाँच प्रतिशतले बढेको छ र यसले मध्यपूर्वको पछिल्लो तनावले विश्व ऊर्जा बजारमासमेत असर पार्न थालेको संकेत गरेको छ । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २८७१०० | प्रति तोला - ० | प्रति तोला - ४५०० |

## अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले उद्योग व्यवसाय, लगानी वातावरण तथा आर्थिक सुधारसम्बन्धी विषयमा निजी क्षेत्रका प्रतिनिधिसँग छलफल गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार भएको छलफलमा प्रधानमन्त्री शाहले मुलुकको आर्थिक गतिविधिलाई चलायमान एवं सशक्त बनाउने, उद्योग व्यवसाय सञ्चालनलाई थप सहज बनाउने, लगानीमैत्री वातावरण निर्माण गर्ने, नीतिगत तथा प्रक्रियागत अवरोध हटाउने, निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने तथा रोजगारी सृजना र उत्पादन वृद्धि गर्ने विषयमा विस्तृत छलफल गरेका हुन् ।

उक्त अवसरमा प्रधानमन्त्री शाहले देशको आर्थिक विकास, लगानी विस्तार, रोजगारी सृजना र उत्पादन वृद्धिमा निजी क्षेत्र सरकारको महत्वपूर्ण साझेदार रहेको उल्लेख गर्दै उद्योगी व्यवसायीले भोगिरहेका व्यावहारिक समस्या समाधान गर्न सरकार तयार रहेको बताए । उनले उद्योग तथा




निजी क्षेत्रमैत्री वातावरण निर्माणका लागि आवश्यक नीतिगत, कानुनी तथा प्रशासनिक सुधारलाई प्राथमिकताका साथ अघि बढाइने प्रतिबद्धता व्यक्त गरे । छलफलका क्रममा निजी क्षेत्रका प्रतिनिधिहरूले उद्योग-व्यवसाय प्रवर्द्धन, लगानी विस्तार, नीतिगत स्थिरता, सेवा प्रवाहमा सरलता तथा सरकार-निजी क्षेत्रबीच नियमित र परिणाममुखी संवादको आवश्यकताबारे सुझाव प्रस्तुत गरेका थिए ।

प्रधानमन्त्री शाहले प्राप्त सुझावलाई गम्भीरतापूर्वक लिँदै सम्बन्धित निकायमार्फत आवश्यक सहजीकरण तथा सुधारका कार्य अघि बढाइने बताए । उनले आर्थिक सुधारको अभियानमा सरकार निजी क्षेत्रसँग सहकार्य गर्दै अगाडि बढ्ने स्पष्ट पारे ।

उक्त छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठ, उद्योग समितिका सभापति उज्ज्वलकुमार श्रेष्ठ, नेपाल उद्योग परिसंघका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाल र महानिर्देशक डा. घनश्याम ओझा, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल तथा वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राको सहभागिता रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

यसैगरी, उक्त छलफल कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार, सूचना तथा सञ्चार प्रविधि सल्लाहकार विवेक मिश्र, प्रमुख स्वकीय सचिव सुवास शर्मा र प्रतिनिधिसभा सदस्य विदुषी राणा सहभागी थिए । निजी क्षेत्रसम्बद्ध उद्योगी व्यवसायीहरूको प्रतिनिधिमूलक संस्थाका प्रमुख तथा पदाधिकारीहरूसँग भएको उच्चस्तरीय छलफलबाट मुलुकको उद्योग व्यवसाय प्रवर्द्धन, लगानीका लागि वातावरण सुधार, सरकार र निजी क्षेत्रबीचको सहकार्यसहित निजी क्षेत्रमैत्री नीतिनिर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

## विद्युत् शक्ति तथा ऊर्जा तालिका निर्धारण विधिप्रति निजी क्षेत्रको असहमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'विद्युत् शक्ति तथा ऊर्जा तालिका निर्धारण विधि-२०८३' सम्बन्धमा निजी क्षेत्रको असहमति देखिएको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल-इप्पानले उक्त विधिमाथि असहमति जनाउँदै आज ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठको ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्रमा नेपालको जलविद्युत् क्षेत्रमा निजी क्षेत्रले पुऱ्याएको योगदान र सरकारले अघि सारेको आगामी १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने राष्ट्रिय लक्ष्यबारे चर्चा गरिएको छ ।

नेपाल विद्युत् प्राधिकरण (नेविप्रा) द्वारा हालै जारी गरिएको 'विद्युत् शक्ति तथा ऊर्जा तालिका निर्धारण विधि-२०८३' प्रति इप्पानले ध्यानाकर्षण गर्दै उक्त विधिमा राखिएका कतिपय अव्यावहारिक एवं प्राकृतिक स्रोतको अधिकतम उपयोग गर्ने सरकारको नीतिविपरीत रहेको जनाइएको छ ।

उक्त व्यवस्थाले जलविद्युत् आयोजनाको प्राविधिक तथा वित्तीय सम्भाव्यतामा गम्भीर नकारात्मक असर पार्ने इप्पानको भनाइ छ । इप्पानका अनुसार निजी लगानी निरुत्साहित गर्ने र सरकारको ऊर्जा दशकको लक्ष्यलाई धक्का पुऱ्याउनेछ । इप्पानका अध्यक्ष मोहनकुमार डाँगीले उक्त विधिले जलविद्युत् उत्पादन क्षेत्रमा नकारात्मक असर पार्ने बताए ।

उक्त विधि २०८३ मा आयोजनाको स्तरवृद्धि गरिँदा मुख्य उपकरणको दक्षता साविक विद्युत् खरिद सम्झौता (पिपीए) मा रहेकोभन्दा फरक गर्न नमिल्ने उल्लेख छ । साथै मुख्य उपकरणको दक्षतालाई टर्बाइनको ९१ प्रतिशत, जेनेरेटरको ९७ प्रतिशत र ट्रान्सफर्मरको ९९ प्रतिशतसम्मको सीमाभित्र हुनुपर्ने पनि प्रावधान छ ।

अध्यक्ष डाँगीले उक्त प्रावधानले प्रविधिको विकाससँगै विश्वबजारमा प्राप्त हुने सक्षम प्रविधिलाई ग्रहण गर्ने तथा कुशल प्रविधिमार्फत गर्न सकिने व्यावसायिक सुदृढीकरण कार्यलाई बन्देज लगाउने प्रयास भएको बताए ।

डाँगीका अनुसार नयाँ पिपिए र थप क्षमताको पिपिएको हकमा क्षमतासम्बन्धी फरकफरक मापदण्ड तोकिनुले क्षमताको वृद्धिका लागि विगत समयबाट नेपाल विद्युत् प्राधिकरणमा प्रक्रियागत रहेका आयोजनाको स्तरवृद्धि रोक्न लक्षित भएको छ ।

निजी क्षेत्रका जलविद्युत् प्रवर्द्धकले नेपाल विद्युत् प्राधिकरणले जारी गरेको उक्त विधि तत्काल स्थगन गरी सरोकारवालासँग परामर्शपछि मात्र कार्यान्वयन गर्न माग गरिएको छ ।

प्राधिकरणले जारी गरेको उक्त विधिमा जलविद्युत् आयोजनाको क्षमता वृद्धि प्रस्ताव गर्दा साविक क्षमताको न्यूनतम १५ प्रतिशतभन्दा कम वृद्धि गर्न नपाइने व्यवस्था गरिएको भन्दै निजी क्षेत्रले त्यसप्रति असहमति जनाएको छ । प्रवर्द्धकले अधिकांश जलविद्युत् आयोजनामा 'इलेक्ट्रोमेकानिकल' उपकरणको दक्षता (इफिसेन्सी) वृद्धि तथा डिजाइन सुधारका आधारमा प्राविधिक रूपमा पाँचदेखि १० प्रतिशतसम्म मात्र क्षमता वृद्धि सम्भव हुने उल्लेख गरेका छन् ।

त्यस्तो अवस्थामा न्यूनतम १५ प्रतिशत क्षमता वृद्धि अनिवार्य गर्ने व्यवस्था अव्यावहारिक भएको जनाउँदै इप्पानले कुनै आयोजनाले प्राविधिक रूपमा सम्भव भएको पाँच वा १० प्रतिशत मात्र क्षमता वृद्धि गर्न चाहे पनि त्यसलाई रोक्नु प्राकृतिक स्रोतको अधिकतम उपयोगको सिद्धान्तविपरीत हुने जनाएको छ ।

## कर्पोरेट

### मेची इन्डस्ट्रिज र भारतको लक्ष्मी इन-फ्याबबीच सम्झौता



**काठमाडौं (प्रस)–** नेपालको ए.ए.सी. ब्लक उत्पादन कम्पनी मेची इन्डस्ट्रिज लिमिटेड र भारतको प्रतिष्ठित प्रविधि प्रदायक कम्पनी लक्ष्मी इन-फ्याब प्राइभेट लिमिटेड बीच सम्झौचता भएको छ । सम्झौता बमोजिम मेची इन्डस्ट्रिजले आफ्नो उत्पादन क्षमतामा प्रति महिना ५,००० क्युबिक मिटर ए.ए.सी. ब्लकको थप उत्पादन गर्ने भएको छ र यस क्षमता अभिवृद्धिसँगै कम्पनीको उत्पादन दायरा विस्तार गर्ने दीर्घकालीन रणनीतिअनुरूप मोटार एडेसिभ, रेडिमिक्स प्लास्टर, टाइल एडेसिभ तथा वाल पुट्टी उत्पादनका लागि आवश्यक आधुनिक प्लान्ट तथा उपकरण खरिद गर्ने निर्णय गरी सम्बन्धित आपूर्तिकर्तासँग खरिद सम्झौता सम्पन्न गरेको छ । यस साझेदारीले दिगो विकास, अत्याधुनिक प्रविधि र निर्माण क्षेत्रमा बलियो उत्पादन क्षमताको साझा दृष्टिकोणलाई प्रतिविम्बित गर्दछ । नवीनता, विश्वसनीयता र दीर्घकालीन सहकार्यका साथ हामी निर्माण क्षेत्रको भविष्यलाई थप मजबुत बनाउन प्रतिबद्ध छौं, कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ । यस द्विपक्षीय साझेदारीले नेपाल र भारतबीचको औद्योगिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास लिइएको छ ।

**तीन अन्तर्राष्ट्रिय आइएसओ**

साथै, मेची इन्डस्ट्रिज लिमिटेडले आफ्नो व्यवस्थापन प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सुदृढ बनाउने दीर्घकालीन रणनीति अन्तर्गत तीनवटा महत्वपूर्ण प्रमाणपत्रहरू प्राप्त गरेको छ । कम्पनीले आईएसओ ९००१:२०१५ (गुणस्तर व्यवस्थापन प्रणाली), १४००१:२०१५ (वातावरणीय व्यवस्थापन प्रणाली) र ४५००१:२०१८ (व्यावसायिक स्वास्थ्य एवं सुरक्षा व्यवस्थापन प्रणाली) को अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको हो ।

### कुमारी बैंक र जर्मन वित्तीय संस्थाबीच सम्झौता




**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले दिगो बैंकिङ अभ्यास प्रवर्द्धनका लागि जर्मन वित्तीय संस्था डच स्पार्कासेनस्टिफ्टुङ फर इन्टरनेशनल कोअपरेससँग रणनीतिक परियोजना सम्झौता गरेको छ । जर्मनीको सङ्घीय तथा विकास मन्त्रालयको आर्थिक सहयोगमा सञ्चालित क्षेत्रीय कार्यक्रम एसियाका चयन गरिएका देशहरूमा वित्तीय क्षेत्रको सामाजिक पारिस्थितिकीय रूपान्तरण अभियान अन्तर्गत यो साझेदारी गरिएको हो । उक्त सम्झौता पत्रमा कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाल र जर्मन वित्तीय संस्था डच स्पार्कासेनस्टिफ्टुङ फर इन्टरनेशनल कोअपरेसनकी एसिया डिभिजन प्रमुख डा. इलोन्का रुल स्टर्नले हस्ताक्षर गरेका हुन् । दिगो बैंकिङका लागि दुई चरणको खाकामा हरित बैंकिङ अभ्यासहरूलाई संस्थागत र विस्तार गर्न यो साझेदारीलाई दुई क्रमिक चरणहरूमा विभाजन गरिएको छ ।

सम्झौता कुमारी बैंकका लागि दिगो बैंकिङ अभ्यासको परिपक्वतातर्फको एउटा निर्णायक कदम भएको कुमारी बैंकका दिगो बैंकिङ विभागका प्रमुख अर्पण पौडेलले बताए । साझेदार संस्थाको प्राविधिक सहयोग र नेपाल ग्रीन फाइनान्स ट्याक्सोनोमीको मार्गदर्शनमा बैंकले आफ्ना बैंकिङ परिपाटीहरूलाई क्रमिकरूपमा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यासहरू समेतका आधारमा परिस्कृत तथा परिमार्जन गर्दै हरित वित्त, न्यूनकार्बन उत्सजर्न अनि दिगो तथा उत्थानशील उद्यमशिलता प्रर्वद्धनमा समेत टेवा पुग्ने अपेक्षा राखेको छ ।

सम्झौता अनुसार, डच स्पार्कासेनस्टिफ्टुङ फर इन्टरनेशनल कोअपरेसनले आफ्ना स्वामित्वमा रहेका विशेष प्राविधिक पद्धतिहरू जस्त इसजी रिस्क राडर र सस्टेनेबल फाइनान्स कम्पास आदि उपलब्ध गराई प्राविधिक सहयोग पुऱ्याउनेछ ।

कुमारी बैंकले आफ्ना २८६ शाखा, ३०३ एटीएम, ४० एक्स्टेन्सन काउन्टर, ४१ शाखारहित बैंकिङ एकाई र १,१०० भन्दा बढी पीओएस टर्मिनल सहितको वृहत सञ्जाल र अत्याधुनिक डिजिटल बैंकिङ सेवामार्फत ग्राहकहरूलाई सेवा प्रदान गर्दै आएको छ ।

### मुक्तिनाथ विकास बैंकद्वारा धनगढीका विद्यार्थीलाई दिवा खाजा सहयोग



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत फुड फर लाइफ नेपालद्वारा धनगढीमा सञ्चालित गर्न लागिएको मिड-डे मील (दिवा भोजन) कार्यक्रमलाई आर्थिक सहयोग प्रदान गरेको छ । यस कार्यक्रम अन्तरगत आयोजक सामाजिक संस्थाले केन्द्रीकृत भान्सा प्रणाली मार्फत धनगढी स्थित सरकारी विद्यालयहरूमा अध्ययनरत ५,००० विद्यार्थीहरूलाई स्वच्छ, पौष्टिक तथा सन्तुलित दिवा भोजन उपलब्ध गराउने छ । विशेष गरी आर्थिक रूपमा विपन्न परिवारका विद्यार्थीहरूको पोषण सुधार, विद्यालयमा नियमित उपस्थिति अभिवृद्धि तथा शिक्षामा निरन्तरताका लागि यस कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास बैंकले लिएको छ ।

मुक्तिनाथ विकास बैंकले शिक्षा, स्वास्थ्य तथा सामाजिक विकासका क्षेत्रमा प्रभावकारी कार्यक्रमहरूलाई निरन्तर सहयोग गर्दै आएको छ । बैंकले आगामी दिनमा समेत संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत समाजको दिगो विकासमा योगदान पुऱ्याउने यस्ता कार्यक्रमहरू निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक